CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक कहानी

बदरीनाथ भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोल एजेन्ट
साझा प्रकाशन
काठमाडौं
र अरू शाखाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक कहानी

लेखक तथा प्रकाशक
बदरीनाथ भट्टराई

२०२६

मूल्य २/-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्तिस्थान
साझा प्रकाशन

सर्वाधिकार सुरक्षित

प्रथमवार १०००

मुद्रक
नेपाल प्रेस, शुक्रपथ
काठमाडौं, नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निवेदन

कथाको मुहान वेद हो भन्नु अतिशयोक्ति होइन। वेदमा पाइएका विभिन्न किसिमका कथाका रूपरेखाहरू नै यसमा प्रमाण छन्। हो, वैदिक कथामा कृत्रिमता पाइँदैन, लमाई मोटाइ हुँदैन, बरू हुन्छ संकेत र ऊँचो लक्ष्य, अनि पाइन्छ साकार आदर्शका साथ त्याग र तपस्या। ज्यादै परिमित शब्दमा महत्व-पूर्ण वस्तु दर्शाउनु नै वेदको वैशिष्ट्य हो।

यो वैज्ञानिक युगमा किन वैदिक कहानी भन्ने प्रश्न उठ्न सक्छ, तर ज्ञानको भोक नलाग्ने कुनै युग होला र? मानवको पहिलो लक्षण नै हो ज्ञानको अभिमुख हुनु। यो भन्दा अर्को अखण्ड सुखशान्तिको बाटो कसैले भेट्टाउन सकेको छ र?

पौराणिक र ऐतिहासिक कहानी लेखेकै बखतमा वैदिक कहानी पनि लेख्ने इच्छा उठेको हो. तर ऐले बीस वर्षपछि बल्लतल्ल त्यो इच्छा साकार हुन आयो, तर आकार खडा भए पनि कति अंगभंग भएका होलान्, कति ग्रन्थि चुँडेका होलान्, कहीं अस्वाभाविकता देखिएला, कहीं कुरूपता आएको हुन सक्छ, कहीं नीरसता पाइएला, कहीं आध्यात्मिक गन्थन जस्तो लाग्ला, कहीं चरित्र चित्रण ठीक नहोला। यसै गरी मनोवैज्ञानिकता, नाटकीयता, मार्मिकता आदिको अभावरूप दोष देखापर्ला;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तैपनि वहिर्दृष्टिलाई छोडेर उपनिषद्को भित्री लक्ष्यतिर न दृष्टि दिनुहोला भन्ने पूर्ण आशामा छु। कहानी-कलामा वैदिक रहस्यको प्रकाशनतर्फ नै म प्रवृत्त भएको छु। हुनत गुरुपरम्परा हराए जस्तै भएको बखतमा वेदको रहस्य खोल्दछु भन्नु एक किसिमको असम्भव जस्तै हो। तथापि पात फूल जे भए पनि जनताजनार्दनले ग्रहण गरिदिनेछ भन्ने आशा राख्दछु।

उपनिषद्को शैली र रहस्यलाई सकेसम्म अनुसरण गरेको छु। कहीं कथांशमा केही फरक पनि पर्न गएको छ। जस्तो इन्द्रले यतिहरूको हत्या गरेपछि पापनाशका लागि ब्रह्माजीले उपहव्य प्रायश्चित्त उपदेश दिएको हुँदाहुँदै पनि यहाँ 'शक्तिपरीक्षा' मात्र्यो देखाइएको छैन। जे होस्, शुद्धचरित्र भएको वैदिक समाजको झलक यहाँ पाइन्छ। अनि आध्यात्मिकता नै वैदिक जीवनको सर्वस्व हो भन्ने यहाँ छर्लङ्ग देखिन्छ।

'हरिस्तुति' र 'विद्यागीता' बिक्री भएको आयबाट र नपुग चार्हि श्री रंगनाथ शर्माको अर्थबाट प्रकाशित भएको छ।

बदरीनाथ भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय–सूची

	पृष्ठ
१ हैमवती	१
२ शक्तिपरीक्षा	८
३ अधुरो ज्ञानको खण्डन	२०
४ के रैकको बिहे	२६
५ तीन वरदान	३३
६ शान्तिको मार्ग	४२
७ आथर्वण दध्यङ्	५५
८ अंशबन्डा	६४
९ तिनौटा द	७५
१० भूमा	८१
११ सत्यकाम	९०
१२ सारा इच्छा पूरा हुने उपाय	९५
१३ पाँच प्रश्नको उत्तर	१०१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हैमवती

देवताहरूको सभा भइरहेको थियो। पूर्वतिर हीराको राजासनमा इन्द्र विराजमान थिए। आग्नेयतर्फ माणिकको छागासनमा अग्नि धपक्क बलिरहेका थिए। यसै गरी अरू दिक्पालहरू पनि आफ्ना आफ्ना स्थानमा बसेर राय प्रकट गरिरहेका थिए। कालाञ्जन दैत्यहरूले हाँक दिएकोमा कुन उपायको प्रयोग गर्ने हो भन्ने बहस चलिरहेको थियो। केही दिक्पालले राय प्रकट गरेपछि आफ्नो पालोमा वरुणले भने—"सबभन्दा पहिले सामको प्रयोग गर्नुपर्छ। किनभने तिनीहरू पनि हाम्रै पिताजीका सन्तान हुन्। भाइ-भाइमा मारामार गरेर रगतको खोलो बगाउनु देवत्व होइन।"

कुवेरले भने—"बाहिरी बलले मात्तिएका तिनीहरू सामको प्रयोगबाट मात्र हातमा आउलान् जस्तो लाग्दैन। सित्तैं हाम्रो अपमान मात्र हुन्छ। उसैले दानको पनि प्रयोग गर्नुपर्छ। मसँग नौवटा खानी छँदैछन्। जुन चाहिं चाहन्छन् त्यही दिने प्रस्ताव राखेमा लोभी दैत्यहरू मन्जुर हुनेछन्।'

वायुले भने—'आफ्नो गाँठ गुमाएर के फाइदा? ती लोभीहरू दुइ-चार दिन त चूप लाग्लान्, तर अर्को खानी देओ, यसो गर, उसो गर, भन्न थालिहाल्छन्। यसैले भेदनीतिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग गर्नुपर्छ। तिनीहरूको आपसमा नै फूट पारौं। त्यसो भए न तिनीहरूसँग लत्रनुपर्छ, न त आफ्नो गाँठ गुमाउनुपर्छ।

अग्निले भने- 'लात हान्नुपर्नेलाई बातले हुँदैन। न त दानसानले यिनीहरू तह लाग्छन्। जस्तालाई तस्तै भने झैं यी दुष्टहरू माथि दण्डकै प्रयोग गर्नुपर्छ। वज्रव्यूहको मुखमा म नै बसूँला। यमराजले सहयोग दिनुभयो भने तुरून्तै तिनीहरूलाई खरानी तुल्याइदिन्छु। तपाइँहरूले धन्धै मान्नुपर्दैन।'

सारा सभासद्को आँखा इन्द्रतिरै फर्किरहेको थियो। अब इन्द्रले कसको पक्ष लिने हुन् भन्ने कौतूहलले सबैको मन हल्लिरहेको थियो। यत्तिकैमा गम्भीर मुद्रा धारण गरेर इन्द्रले भने- 'पहिले म तपाइँहरूसँग प्रश्न गर्छु। हाम्रो मनलाई कसले चलाइरहेछ? कसको सत्ता पाएर हाम्रो प्राण चलिरहेछ? हामीलाई बोल्ने शक्ति कसले दिएको छ? आँखामा देख्ने शक्ति कहाँबाट आयो? कसको आधार पाएर कानले सुन्छ? भन्नुहोस्।'

तस्वीरका देवता जस्तै सारा अवाक् भएको देखेर एकछिन घोरिई फेरि इन्द्रले भने 'जुन सत्य वस्तु हाम्रो कानको पनि कान हो। प्राणको पनि प्राण हो, आँखाको पनि आँखा हो। कति भन्नू ऊ हामी देवताको पनि देवता हो। जसको दर्शन गर्नेहरू साँच्चिकै अमर हुन्छन्। तर उसलाई हाम्रो आँखाले देख्तैन, वाणीले वर्णन गर्न सक्तैन, न मनले भेट्टाउन सक्छ, न त अरू कसैले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बताएर जान्न सकिन्छ; किनभने ऊ न जानिएको हो, न त नजानिएको हो। अरू दोहोऱ्याएर म भन्छु, त्यो वस्तुलाई पहिल्याउनै पर्छ। यसैले सबभन्दा अगि तिनै महादेवको शरणमा परौं। हाम्रा सम्पूर्ण अङ्ग अर्थात् वाणी, प्राण आँखा, कान इत्यादि सारा अङ्ग शक्तिले पूर्ण हुन्।'

निकै बेरसम्म आँखा चिम्लेर बसिरहेका इन्द्रलाई देखेर अरू देवताहरूले नाना किसिमको तर्क गर्न थाले, आज यी इन्द्रको के चाल हो? राजनीतिमा यो दर्शन कहाँबाट आयो? वीर रसमा भक्ति र शान्त रस कसरी मिसियो? रजोगुण र सत्वगुणको संयोग कसरी भयो? के उज्यालो र अँध्यारो एकै ठाउँमा रहन्छ? यी इन्द्र हताश भए जस्ता पो देखिन्छन्। हामीलाई उत्साह दिनु त कहाँ गो कहाँ? राजाले नै यसरी खुट्टा छोडेपछि हामी प्रजाको रक्षा कसले गर्ला? अब दैत्यहरूको दास बन्नु पर्ने समय आएको जस्तो पो देखिन्छ।'

आँखा खोलेर शान्तिका साथ इन्द्रले भने-'त्यो सत्य वस्तुको महिमा अपार छ। विद्वान्हरू सर्वत्र उसैलाई देख्छन्, तर उसलाई देख्ने आँखा अर्कै छ। दिव्य दृष्टि नभई ऊ अनुभवमा आउँदैन। तर राम्ररी उसको दर्शन गरे आफू अमर भइहालिन्छ। हामी जुन अमृत खान्छौं त्यसबाट अमर भइन्न। यदि यो यथार्थ अमृत भए अहिले हामीलाई दैत्यहरूको डर हुने थिएन। अहिले हामी कसरी जीउ जोगाउने भन्ने विषयमा बहस गरि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेका छौं। हामीमा आत्मबल नभएको हुनाले नै यो प्रसङ्ग उठिरहेको हो। विचार गर्नुहोस्, हाम्रो मनमा डर किन उम्ले-को ? चिन्ता किन चर्केको ? मोह किन मडारिएको ? लोभ किन उर्लिएका ? अहिले हामीलाई हजारौं बिच्छीले डसे जस्तो भइरहेछ। यसको मूल कारण हो आत्मबलको कमी। हामी त आकाश भन्दा पनि ज्यादै महान् वस्तु हौं। हाम्रै सत्ता पाएर विश्व प्रकाशित भइरहेछ। आफ्नो अपार शक्तिलाई बिर्सेर हामीले दु ख पाइरहेका हौं। अब त्यही चेतना शक्तिको उपासना हामी गरौं। त्यसमा प्रमाण के छ भनी भन्नुहोला। उदाहरणको रूपमा गुरु बृहस्पति नै खडा हुनुहुन्छ। हेर्नुहोस्, उहाँमा आत्मबल। चेहडामा कस्तो ब्रह्मतेज चम्किरहेछ। मुखमा कस्तो प्रसन्नता छ। उहाँले आशीर्वाद मात्र दिनुभयो भने पनि हामी विजयी बनिहाल्छौं। ती भुसुनाहरूदेखि डराउनुपर्ने खण्ड के छ ? आत्मबलका अगाडि शस्त्र र अस्त्रको बल त चुनदाम पनि होइन। यो जड वज्रले के गर्न सक्छ ? खास बल त चैतन्यको हो। यसैले दधिरहेको आत्मशक्तिलाई नै जगाऔं।

घनघोरको लडाइँमा दैत्यहरूलाई जितेर आएपछि त्यहाँ इन्द्रसभामा हाँसोको फोहरा छुटिरहेको थियो। पछि बिजयो-त्सवको प्रसङ्गमा इन्द्रध्वजोत्थान, इन्द्रपूजन र नाचगान सिद्धिए पछि अग्निले आफ्नो वीरताको वर्णन गर्दै भने—'म नजीकमा जानासाथ दैत्यहरू त पोल्यो बाबा भनेर कराउँदै दगुर्न थाले। मेरो ताप सहन तिनीहरूको के तागत ? ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अट्टहास गरेर वायुले भने—'म त दैत्यहरूको फौजमा डरलाग्दो हुरी भएर पसें, अनि तिनीहरूको फौज छ्यान्नब्यान्न भइहाल्यो। घोडचढी कता पुगे कता ? हात्ती चढ्नेहरू पनि दुनमुनिन थाले। पैदललाई त उडाइ नै दिएँ।'

गर्जेर इन्द्रले भने—'हामीले इन्द्रिय जितेका छौं। आफ्नो शक्तिले तीन लोकको पालन गर्दछौं। तैपनि कुर्लेर माया फिजाउदै मेरो नजीकै कालांजन आइपुगिहालेछ। अनि त यही शतधार वज्रले हानेर मारिदिएँ। यो वज्रको शक्तिको तुलना गर्न कसले सक्ला र ? यसको प्रहारको चोटले त तीन भुवन नै थर्कियो।

वहस्पतिले मनमनै विचार गरे, 'लडाइँभन्दा अगिका र पछिका इन्द्रमा यत्रो परिवर्तन कसरी आयो ? यो के गजब ? देवताका राजा पनि विजयलक्ष्मीको मदमा मत्त हुन्छन् भने अरूको के गति होला ? यो अहंकारको परिणाम के हुने हो ? शिष्यलाई सम्झाउनु गुरुको कर्तव्य भए पनि मदशक्तिको आवेशमा आएको व्यक्तिले अमृतलाई विष ठान्न केही बेर लाग्दैन। यसै हुँदा परमात्माकै शरणमा पर्छु।

हस्याङ–फस्याङ गर्दै आएको ढोकेले इन्द्रलाई हात जोरेर भन्यो –'देवराज बाहिर एक यक्ष आएका छन,' उनी भन्छन्—'देवताहरूको शक्तिको जाँच गर्न आएको हुँ।'

उपहासका साथ अलि चर्केर इन्द्रले भने—'के जाबो यक्षले हाम्रो शक्ति तौलने रे ?' जानोस्, अग्निजी, यक्ष भनाउदो को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेछ ? त्यसलाई डढाएर आउनोस् ।

फूर्तिसाथ गडगडाएर गएका अग्नि त एकैछिनमा नून खाएको कुखुरा जस्तै भएर फर्की इन्द्रलाई बिन्ति गरे, देवराज, त्यो यक्ष त गजबको रहेछ । त्यसले शक्ति देखाऊ भनेर एउटा सिन्को अगाडि राखिदियो । अनि त्यसलाई डढाउन कत्ति कोशिश गरें, तर केही सीप लागेन ।

सारा देवताहरू मुखामुख गर्न थाले । यो के हो भन्ने आतंक मच्चियो । एकछिन घोरिएर इन्द्रले वायुलाई पठाए, तर उत्तिखेर नै फर्केका निध्याउरा वायुले भने—,यक्षले अगाडि राखेको परालको त्यान्द्रोलाई पनि मैले डगाउन सकिनँ ।'

सभा टकाटक भयो । यो क्या हो भनेर सबै आश्चर्य-समुद्रमा डुबे । दैत्यहरूको माया हो कि भनेर कसैले शंका गरे । बृहस्पति चाहिं मुसुमुसु हाँसिरहेका थिए । छलफल हुँदा अब इन्द्र नै जानुपर्छ भन्ने पास भयो । अहिले नै किन ? भनी इन्द्राणीले रोक्दा रोक्दै पनि इन्द्र जुरूक्क उठे । सभामा खूब कल्याङ बल्याङ चल्यो ।

इन्द्र जानासाथ यक्ष बेपत्ता भए अनि यताउति हेर्दा सौन्दर्यकै मूर्ति जस्ती हैमवतीलाई देखेर उनले सोधे 'त्यो यक्ष कहाँ गयो ? त्यसलाई तपाईंले चिन्नु भएको छ ? को हो त्यो ?'

मुसुक्क हाँसेर हैमवतीले भनिन्—, ती ब्रह्म हुन् । तिनलाई जानेको छु पनि भन्न सक्तिनँ । जानेको छैन पनि भन्न सक्तिनँ । म जान्दछु अथवा जान्दिनँ भन्ने दुईथरि नै कुरा झूट्ठा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन् । ब्रह्म जानिने कुरा नै होइन । जसले ब्रह्मलाई जानें भन्छ उसले जानेकै छैन । अर्थात् जानें भन्ने अहंकार गर्नेले कसरी जान्नु ? बरु जो अहंकार डढाएका, तर अनजान जस्ता देखिन्छन् ती नै ब्रह्मलाई जान्दछन् । मैले दैत्यहरूलाई मारें भन्ने अहंकारको पर्दाले गर्दा तपाईं ब्रह्मलाई देख्नुहुन्न । ब्रह्मको सत्ता नपाएको भए के दैत्यहरूलाई मार्न सक्नुहुन्थ्यो ? वास्तवमा जीत उहाँको हो । सिन्कालाई पनि डढाउन नसक्ने अर्थात् वासना त्याग्न नसक्ने तपाईंहरूले के फूर्ति गर्नु ? हो, अरूले भन्दा तपाईंले ब्रह्मको छायां देख्नुभएको छ स्पर्श गर्नु भएको छ । हेर्नु होस् । ब्रह्मको आदेश बिजुली जस्तै चम्किलो छ । हो, अहिले ब्रह्मको नजीकै पुगेको जस्तो तपाईंलाई लागेको होला । तर पहिले 'तद्वन को उपासना गर्नोस् । साराको अधिष्ठान वस्तु त्यही हो । ऊ खण्डित होइन किन्तु व्यापक हो । जड होइन किन्तु चैतन्य हो, दुःखको लेश पनि उसमा छैन, किन्तु ऊ आनन्दरूप हो । उसलाई देख्ने चश्मा हो अखण्डित बुद्धि । यदि अहिले उसलाई देख्न नसक्ने हो भने ठूलो नाश हुन्छ । इन्द्रले हात जोरेर भने—, देवी, साह्रै भूल भएछ । क्षमा गर्नु होस् ।

शरण नपरीकन ब्रह्मले क्षमा गर्दैनन् तर ब्रह्म-विद्याका तपस्या, दम, कर्म र वेद अंग हुन् । साराको लक्ष्य हो ती सत्य ब्रह्मलाई पाउनु इत्यादि रहस्य बताएर हैमवती शान्त भइन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्ति-परीक्षा

'तपाइ को हुनुहुन्छ ?'

'म हुँ वीर मानव ।'

'त्यो त आकारैबाट थाहा पाइहालेँ नि। मेरो सोधाइ त हो तपाईंको नाम के ?'

'मेरो नाम त हो प्रतर्दन । तपाईंको नाम के नि ?'

'म त हुँ यो स्वर्गको द्वारपाल सुकृती ।'

'उसो भए इन्द्र कहाँ मेरो सन्देश पुऱ्याइदिनोस् ।'

'कस्तो सन्देश ?'

'शक्ति भए काशीराज प्रतर्दनसँग लडाइँ गर्न आउनोस्, नत्र हारें भनी हात जोर्न आउनोस् भनेर ।'

अचम्म मानेका सुकृतीले प्रतर्दनको शिरदेखि पाउसम्म हेरेर मुसुक्क हाँस्दै भने, 'कहाँ वज्रधारी इन्द्र, कहाँ धनुर्धारी मानव । हात्तीसँग के लामखुट्टेले जोरी खोज्ने !'

अलि कड्केर प्रतर्दनले भने, 'के इन्द्र लामखुट्टे प्रतर्दन चाहिं हात्ती भनेको ?'

पलाशको फूल जस्तो आँखा पारेर सुकृतीले भने, 'हैन । के स्वर्गको ढोकामा आएर यस्तो घमण्ड ! बाँच्ने इच्छा भए पृथ्वी-तिर भागिहाल ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठोक्राबाट जाज्वल्यमान बाण झिकी धनुमा ताँदो चढाएर प्रतर्दनले भने, 'स्वर्गमा बस्न लायकको रहिनछस्। तँलाई अब यमलोकमा पुऱ्याइदिन्छु।

अलि हच्केर सुकृतीले भने 'भैगो, तेरो सन्देश म इन्द्रकहाँ पुऱ्याइदिन्छु।'

धेरै बेरसम्म पनि द्वारपाल सुकृती नआएकोले स्वर्गको ढोका बाहिर कुरिरहेका प्रतर्दनले तर्क वितर्क गर्न थाले, 'कातर ढोकेले डराएर मेरो कुरा इन्द्रलाई भन्नै सकेन कि! अथवा इन्द्र अप्सराहरूको नाचगानतर्फ लागेका हुँदा भन्ने मौका पाएन कि! अथवा चार उपाय मध्ये अहिले कुन चाहिंको प्रयोग गर्नु ठीक होला भनी अरू दिक्पालसँग सल्लाह गर्न लाग्दा बेर भयो कि? अथवा फौज बटुल्न लागेका छन् कि! जेसुकै होस् अब यी इन्द्रलाई म छोड्ने हैन। यिनलाई जितेपछि पो तीनै लोकमा साँच्चिको वीर कहलाउनेछु। सारालाई आफ्नो शासनमा राख्न सक्नु नै वीरताको प्रमाणपत्र हो। नत्र स्वतन्त्रता आकाशको फूल बन्छ। पराधीन भएर रहने हो भने जन्मेको के सार! वीरलोकमा अर्कोलाई हात जोर्नु पाप हो। शत्रुको पाउमा पर्नु मृत्यु हो। तीनै लोक आफ्नो अधीनमा छैन भने सम्राट् कहलाउनु भूषण होइन। दुःखबाट जनतालाई बचाउने नै क्षत्रिय हो। पृथ्वीमा कति कुराको कमी छ। यी देवताहरूलाई मात्र किन स्वर्गको भोग! यहाँको ऐश्वर्यले पृथ्वीलाई नसिंगारुन्जेल मेरो मनमा शान्ति आउँदैन। इन्द्रलाई जितेर स्वर्गीय विलासमा रङ्गिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो इच्छा हैन। किन्तु यिनलाई जितेपछि दश घडा अमृत वर्सेनी काशीमा पुऱ्याउन ल्याउनू भन्ने कर लगाइदिन्छु। अनि त्यो अमृतले सारा फौजलाई अमर बनाउँछु र 'वीरभोग्या वसुन्धरा' लाई सार्थक तुल्याउँछु। किनकि पृथ्वीकै हावा पानीले मेरो शरीर बनेको छ। वास्तवमा पृथ्वीलाई नै स्वर्ग तुल्याउने मेरो इच्छा हो। भगीरथले गंगाजीलाई लगे जस्तै यहाँका उत्तमोत्तम वस्तुहरू लगेर काशीलाई सिंगारिदिन्छु। काशी त भगवान् विश्वनाथको पुरी हो। त्यहाँ कुनै कुराको अभाव हुनु हुँदैन। मर्दा पान मुक्ति दिने काशीलाई नै कामधेनु र कल्पवृक्ष सुहाउँछन्।

बाजा र शंख बजाउँदै देवताको सैन्य आएको देखी ऐरावत हात्तीमा चढेर आएका इन्द्रतिर फर्केर कड्किँदै प्रतर्दनले भने, 'तपाईंको सारा फौजलाई पहिले मलाई शस्त्र हान्ने आज्ञा दिनुहोस्। किनभने अर्कोले नहानी म हतियार चलाउन्नँ। फेरि सोह्र वर्ष नपुगेकोलाई र बूढालाई पनि म हतियार चलाउँदिनँ।

रिसले आगो भएका सारा देवताले हानेका शस्त्र र अस्त्रले प्रतर्दनलाई छुँदै नछोएको र एकला प्रतर्दनले हानेका बाणले सारा देवता घाइते भएको देखी हजार बाण लागेका इन्द्रले मनन गरे, 'यो ब्रह्मण्य र सत्यवीर दिवोदासको छोरो हो। फेरि यो पनि गाई र ब्राह्मणको पूजक छ। मुख्य त यो भगवान् विश्वनाथको भक्त हो। यहाँकै वरप्रसादले गर्दा एकलै यो यहाँ आउन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्यो । नत्र सारा देवतालाई यसरी जित्न यसको के तागत ! यसैले शत्रु भए पनि यस्ता बहादुरको कदर गर्नु कर्तव्य हो ।'

मुसुक्क हाँसेर प्रतर्दनले भने, स्वर्गेन्द्रज्यू, किन चूप लाग्नु भयो ? तपाईंको अचूक वज्रले एक पटक मलाई हान्नुहोस् । वज्रको चोट कस्तो हुँदो रहेछ म पनि अनुभव गरिहालौंन । वरुणको पाशलाई त मैले बीचैमा चुंडालेर फालिदिएँ । अरू दिक्पालका अस्त्रले पनि मलाई छुनै सकेनन् ।

ज्यादै प्रसन्न भएका इन्द्रले शान्तिका साथ भने, 'महाराज, तपाईंको वीरता देखेर मलाई ज्यादै खुशी लाग्यो । यसैले वर दिन्छु । जे इच्छा छ, माग्नुहोस् ।'

'यो कस्तो गजब ! म जस्तो शत्रुलाई पनि वर दिन तयार भइरहेछन् । यसरी हार्दा पनि यिनको मुख ज्यादै प्रसन्न देखिन्छ । सामान्य देवतामा यो हुन सक्ने कुरै होइन । यिनको वचन सुन्नासाथ मेरो मन अर्कै भयो । यिनमा शक्ति नभए यस्तो जरूरै हुन्थेन । त्यसैं देवताको राजा हुन पाइने कुरा पनि होइन । यस्ता सत्वगुणीलाई क्षत्रियको रजोगुणी ओज देखाउनु ठीक होइन इत्यादि विचार गरी इन्द्रलाई नमस्कार गरेर प्रतर्दनले भने, देवराज, मानवको चकचकेपनका लागि क्षमा गर्नुहोस् । सोह्र उपचारले पूजा गर्नुपर्ने तपाईंलाई बाण हान्नु कत्रो उद्दण्डता ! फेरि त्यस्तालाई पनि वर दिन खोज्ने तपाईंको कस्तो भद्रता ! तपाईंको प्रभावले मेरो हृदयमा आनकातानको परिवर्तन ल्यायो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महात्माहरूको महत्वलाई म जस्ताको काँचो बुद्धिले कसरी बुझ्नु ! धन्य हो ! म बडो भाग्यमानी रहेछु। यसैले करजोरी बिन्ति गर्छु। म जस्तो मनुष्यको लागि जुन सबभन्दा हित हुने कुरा हो। त्यही वर दिनुहोस्।

यो मानव कस्तो बाठो रहेछ। मेरो टाउकोमा भारी बोकाउन खोज्छ ए ! तर सबभन्दा हित हुने कुरा हो आत्मज्ञान। तर त्यसै यसलाई ज्ञान कसरी दिने ? मैले एकसयएक वर्षसम्म ब्रह्मचर्यमा रहेर कत्रो मुश्किलले ब्रह्माजीबाट ज्ञान पाएँ। दैत्य-हरूका तर्फबाट विरोचन र देवताका तर्फबाट म समिधा हातमा लिई ब्रह्माजी कहाँ जाँदा बत्तीस वर्षसम्म ब्रह्मचर्य गराई आँखामा जुन पुरुष देखिन्छ त्यही आत्मा हो भन्नुभयो। अनि जलाशयमा र ऐनामा त्यही देखिन्छ भन्नुभयो अनि कहतारोमा पानी हालेर हेर। के देखिन्छ ? तैपनि आत्म लाई जान्न सकेनौ भने फेरि मलाई भन भन्नुभयो। हामी दुबैले कहतारोमा पानी हालेर हेर्‍यौं। पछि खूब सिंगारिएर पनि हेर्‍यौं। अनि छाया देखी स्थूल शरीर नै आत्मा रहेछ भनी फर्क्यौं। केहो विचारै नगरी विरोचनले दैत्यहरूलाई त्यही देहात्मवाद सिकाए। मैले चाहिं फर्कंदा विचार गरें, 'डरको घर भएको नाशवान् शरीर कसरी आत्मा हुला। आत्माको विशेषण त अभय र अमृत भन्ने सुनिन्छ।' सन्देह लागेकोले म फेरि ब्रह्माजीकहाँ गएँ। फेरि बत्तीस वर्ष ब्रह्मचर्यमा राखी स्वप्नद्रष्ट लाई आत्मा भन्नुभयो। तैपनि चित्त बुझेन र शंका गर्दा बत्तीस वर्ष ब्रह्मचर्यमा राखी सुषुप्तिको भोक्तालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा भन्नुभयो । तैपनि आत्माको लक्षण घटेन भन्दा फेरि पाँच वर्ष ब्रह्मचर्य गराएर बल्लतल्ल आत्मज्ञान दिनुभयो । यस्तो पुरुषार्थ गरेर पाएको आत्मज्ञान यो घमण्डको मूर्तिलाई कसरी सिकाउनु ? इत्यादि सोचेर इन्द्रले भने, 'तपाईंको लागि मैले कसरी वर छान्ने ? तपाईंलाई जे चाहिएको छ त्यही माग्नु-होस् न ।

प्रतर्दनले भने, 'मलाई केही चाहिएकै छैन । फेरि सबभन्दा हित हुने कुरा के हो ? त्यो पनि मलाई थाहा छैन । के मागूँ । फेरि क्षत्रियले माग्नु मर्नु हो भन्छन् ।'

डाह गर्ने, कुटिल, स्वाँठ, घमण्डी, अश्रद्धालु र गुरुद्रोही-लाई आत्मज्ञान नदिनू भन्ने वचन छ । अब के गर्ने ? तर शत्रु-भावलाई छोडेर मेरो शरणमा परिसक्यो । शिवजीको भक्त पनि हो । चित्त शुद्ध नभएको भए ज्यूंदै स्वर्गमा आउन सक्ने थिएन । धेरै अश्वमेध गरेर यज्ञभागले हामीलाई यसले तृप्त पनि गराएको छ । फेरि यो वर माग्दैन । मैले चाहिं वर लेऊ भनी प्वाक्क बोलिसकें । झूठो बोल्नु पनि ठीक होइन इत्यादि मनन गरी इन्द्रले भने, 'मलाई जान्नुहोस् , अर्थात् मेरो यथार्थ स्वरूपलाई बुझ्नुहोस् ।'

यी इन्द्रले के भनेका हुन् ? यसको आशय के हो ? यसमा रहस्य जरूरै होला ! देवताका राजाको वाणी हो । निःसार त हुनुपर्दैन । राजमद त यिनमा देखिन्न । यी कति शान्त छन्, कति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गम्भीर छन्। यिनको तेजका अगाडि म त जूनकिरी जस्तै बनिसकें। यिनको शान्ति-रसको समुद्रमा आइपुगेर मेरो वीर रसको खहरे बेपत्ता भयो इत्यादि कुरा सोचेर प्रतर्दनले भने, "म, भनेर कसलाई भन्नुभएको ? तपाईंको यथार्थ स्वरूप कस्तो हो ?

इन्द्रले भने "म हुँ साराको बुद्धिको साक्षी अन्तरात्मा। अर्थात् जसले सारालाई प्रकाश गर्छ त्यही शुद्ध चैतन्य नै म हुँ। केराको थाम जस्तै नि सार, परिच्छिन्न, अनि पानीको फोका जस्तै चाँडै नाश हुने शरीर म होइन। प्रज्ञात्मा प्राण मै हुँ। त्यसैलाई अमृत भनी उपासना गर्नोस्। प्राण र प्रज्ञा बिना शरीर आदि रहँदैन। क्रियाशक्ति प्राण पनि बुद्धि बिना रहँदैन। फेरि प्राण बिना बुद्धि रहँदैन। जड बुद्धि पनि साक्षि-चैतन्यको प्रकाशले प्रकाशित हुन्छ। घोडा नभई रथ नचले झै चैतन्य नभई बुद्धि आदि प्रकाशित हुँदैनन्। स्वगत, सजातीय र विजातीय भेद नभएकोले आत्माले स्वयं आत्मालाई जान्दछ।

प्र — आत्मालाई जानेर के फाइदा ?

इ.— सर्वज्ञ भइन्छ। जुन आत्मालाई जानेपछि जान्नुपर्ने केही बाँकी रहँदैन। फेरि अखण्ड सुखसागरमा मग्न भइन्छ मात्र होइन, किन्तु सुखरूप भइन्छ। आत्मलाभभन्दा अर्को ठूलो लाभ छैन। फेरि आत्मज्ञानी सबभन्दा बलियो हुन्छ। उसलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैको डर हुँदैन । कसैले जित्न सक्दैन । मैले जितेनि भन्नुहोला तर हैन । केवल भगवान् शिवजीको भक्तिको आदर मैले गरेको हुँ । अर्को ब्रह्माण्ड सृष्टि गर्न पनि आत्मज्ञानी सक्तछ ।

इन्द्रले फेरि भने, 'अर्को कुरा हो, शरीरद्वारा जस्तो-सुकै पाप अथवा पुण्य हुन गए पनि ज्ञानीलाई छुँदैन । हेर्नुहोस्, पुरोहित विश्वरूपलाई मैले मारिदिएँ । त्वष्टाबाट दैत्यकुमारीमा जन्मेका तीन-टाउके उनी सात्विक मुखले सोमरस पिउँथे, राजसले अन्न खान्थे अनि तामसले मदिरा पिउँथे । तर यज्ञ गर्दा देवतालाई देखाएर यज्ञभाग दिने र मावली दैत्यलाई लुकाएर यज्ञभाग दिन लागेको मैले थाहा पाएँ । जसको अन्न खायो उसैको द्रोह गरेको देखेपछि न्यायको पक्ष लिएर मैले उनलाई वज्रले मारिदिएँ । कत्ति पनि ग्लानि आएन ।

इन्द्रले फेरि भने, 'एकथरी संन्यासी तर ज्ञानका कुनै साधन नभएका अति मनपरी गरेर हिंड्ने बथान-लाई भेटें । 'तपाईंहरू को हुनु हो ?' भनी सोद्धा 'यतिहरू हौं' भनी जवाफ दिए । 'हामीलाई सोध्ने तिमी को हौं नि ?' भनी उनीहरूले उपहासपूर्वक उड्कँदा पनि 'तिमीहरूको आत्मा इन्द्र हुँ' भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दया गरेर यथार्थ कुरा बताइदिएँ । तर खिज्याएर उनीहरूले भने, 'इन्द्र पनि कहीं मूर्तिधारी हुन्छन् ! इन्द्र शब्द र त्यसको अर्थबाहेक मूर्ति कहाँ हुन्छ र ! यज्ञमा पाहुना जस्तो इन्द्र आजसम्म देखिएको छैन । 'इन्द्राय स्वाहा' भनी होम गर्दा मूर्तिधारीले खाएको देखिन्छ र ! वास्तवमा मन्त्रमय नै देवता हुन् इत्यादि भनी एकपक्षी तर्क गरेर मलाई नै छेड्न थाले ।

इन्द्रले फेरि भने, 'ती यतिहरूको बहिर्मुखता वाचालता, निष्ठुरता र बिना कारणको रिस देखेर पनि दयाले मैले भनें, 'देवताको शरीर हुँदैन, अनि आत्मा विभिन्न छ र इन्द्र भनेको आत्मा हैन भन्ने वेदवाक्य देखाउनोस् त ।' त्यो मेरो प्रश्नको जवाफ तिनीहरूले दिन सकेनन्, अनि रिसले चूर भएर राता राता आँखाले हेर्दै जा, जा भन्ने इशारा हातले गरे । अनि मैले विचार गरें, 'विवेक आदि चार साधन लिएर मात्र संन्यास लिनुपर्नेमा रतिभर वैराग्य नभएका, घमण्डी मूर्ख, ठिटाहरू संन्यासीको भेष लिएर हिंड्छन् भने यिनीहरूले समाज भाँडिदिन्छन् । कहाँ श्रवण, मनन, निदिध्यासन; कहाँ यिनीहरूको उच्छृङ्खलता ! कहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संकल्पत्यागरूपी भित्री संन्यास ! कहाँ यिनीहरूको चञ्चल मन र गेरुवा लुगा ! संसारमा रसबुद्धि भएका अहंकारीले संन्यासीको भेष लिएर हिंड्न थाले भने आश्रमधर्मको बदन म हुन्छ, यस्तैबाट वर्णसंकरको सृष्टि हुन्छ, समाज खत्तम हुन्छ । यी दयाका पात्र होइनन् किन्तु हुन् दण्डका ।' त्यस-पछि ती भोगी जोगीहरूलाई माग्रेर ब्वाँसोहरूलाई खान दिएँ । तर त्यसले मलाई केही पनि भएन, न त लोकमा अपकीर्ति नै भयो । यसै गरी पौलोम कालक असुरहरूलाई पनि मारिदिएँ ।

प्र.— त्यतिकाको हत्या गर्दा पनि किन तपाईंलाई पाप नलागेको ?

इ— ममा कर्तृत्वबुद्धि छैन । किनभने कार्यको कर्ता हो शरीर अहंकार, इन्द्रियहरू, प्राण आदिका चेष्टा र इन्द्रियका अधिष्ठाता देवत हरू । तर ती पाँच थरी म होइनँ । म ता तिनको प्रकाशक शुद्ध चैतन्य पो हुँ । तिनले गरेका क्रियाले म अकर्ता चैतन्यलाई कसरी छोओस् । जस्तो तपाईंलाई प्रतर्दन हुँ भन्ने अटल धारणा छ त्यस्तै मलाई म शुद्ध चैतन्य हुँ भन्ने दृढ निश्चय छ । आत्मज्ञान नहुन्जेल एउटा वृत्रासुरलाई मार्दा पनि ब्रह्म-हत्याले मलाई सतायो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक छिनसम्म आँखा चिलिएका इन्द्रले फेरि आँखा खोलेर भने, 'एकै कालमा सारा व्याप र हुँदैनन् अर्थात् श्रवणको वेलामा दर्शन हुँदैन. दर्शनको अनुभवमा स्पर्श हुँदैन; तर ज्यादै छिटो भएकोले सयओटा कमलको पात सुइरोले छेड्दा क्रमको अनुभव नभए जस्तो मात्र भएको हो। हेर्नुहोस्, बोल्न नसक्ने मान्छे, बच्चा भन्नामा लाटो प्रमाण छ। बहिरा, अन्धा इत्यादि पनि बाँचेकै देखिन्छन्, तर प्राण भएन भने कोही पनि बाँच्न सक्दैन। प्राण नै प्रज्ञा हो र प्रज्ञ नै प्राण हो। अझ गहिरने हो भने प्राणी प्राण र अपानले मात्र बाँच्दैन। सारा प्राणीको जीवन मबाट नै भइराखेको छ। प्राण र बुद्धिको पनि प्राण म नै हुँ। घट मठ इत्यादि मेरै उपाधि भए पनि आकाश एउटै भए झैं वास्तवमा म एउटै चैतन्य हुँ।

इन्द्रले फेरि भने, जस्तो स्वप्नमा विभिन्न संसार देखिए पनि वास्तविक तत्त्व आफू मात्र हो. त्यस्तै विपनाको पनि सारा नाम, रूप क्रिया मिथ्या हो। यथार्थ वस्तु शुद्ध चैतन्य मात्र हो। वाक्लाई जान्न खोज्ने होइन, किन्तु वक्तालाई जान्नुहोस्। गन्धलाई होइन किन्तु गन्धको प्रका-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शलाई चिन्नु होस्। शब्दलाई होइन श्रोतालाई बुझ्नुहोस्। कर्मलाई हैन कर्तालाई ठम्याउनोस्। सुख र दुःखलाई हैन, किन्तु तिनको विज्ञातालाई पहिल्याउनुहोस्। मनलाई हैन किन्तु मन्ताल ई समाउनोस्, जडलाई हैन किन्तु चैतन्यलाई अँगाल्नोस्। यो आत्मा अजर छ, अमर छ। यही लोकपाल हो, यही लोकाधिपति हो। यही सर्वेश्वर हो। यही मेरो आत्मा हो भनी बुझ्नुहोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधुरो ज्ञानको खण्डन

'ब्रह्मको साक्षात्कार गरिहालें'। अब मलाई केको दुःख ? केको शोक ? साँच्चिको दु ख देखिन्छ जन्मँदा र मर्दा, अब जन्म र मृत्यु दुबैको चक्करमा मैले पर्नु पर्दैन। गर्गको कुलमा जन्मिएको पूरा सार भयो। तर यो विद्या मैले अरूलाई पनि सिकाउनुपर्छ, प्रचार गर्नुपर्छ प्रसार गर्नुपर्छ। आफू मात्र मुक्त भएर के गर्नु ? अरू सारा साथीलाई पनि यो संसार-चक्रबाट छुटाउन सक्नु पो उदारता हो। यसैले यो विद्या सारा आस्तिकलाई सिकाउँदै हिँड्छु। कसैलाई आदित्य-ब्रह्मको उपदेश दिन्छु। कसैलाई चन्द्र ब्रह्महरूको। सारा पछि लागे भने मेरो गौरव पनि बढ्छ। यी अँध्यारोमा छामछुम गरिरहेकालाई ज्ञानरूपी दीप जगाइदिनु मेरो परम कर्तव्य हो। आफू तीरमा उत्रिएँ भन्दैमा सँगसँगै पोखरीमा डुबेका साथीहरूको उपेक्षा गर्नु कहीं ठीक होला ? फेरि म वक्ता पनि छु। व्याख्यान गर्न खूब जान्दछु। अर्कोको कुरा काटेर आफ्नो पक्षको समर्थन गर्न पनि म निपुण छु। वितण्डामा पनि म सिपालु छु। जसले जे शंका गरे पनि यसको तुरून्तै जवाफ दिन सक्छु। अझ जिज्ञासु राजाहरूलाई उपदेश दिएमा दोहरो लाभ छ। यो लोकमा धन, मान, कीर्ति पाइन्छ; अनि परलोकमा पनि आनन्दमय भइन्छ। यही त साँच्चिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चातुरी हो। राजाहरू आफ्ना खास शिष्य बने भने जनतामा प्रचार गर्न पनि सजिलो हुन्छ। यसैले काशीका राजा अजातशत्रु-कहाँ जान्छु। उनी त शत्रु नै नभएका चक्रवर्ती राजा हुन्' इत्यादि चिन्तन गरी द्रप्त वालाकि काशीको बाटो तिर लागे।

वालाकिलाई देखेर अजातशत्रुले मधुपर्कका साथ ठूलो सन्मान गरे, अनि हात जोडेर भने, 'केको लागि पाल्नुभयो ? आज्ञा होस्।'

फुर्तीका साथ वालाकिले भने, 'तपाईंलाई ब्रह्मको उपदेश दिन आएको हुँ।'

'यी त ज्यादै घमण्डी जस्ता देखिन्छन्। यस्तो चालबाट पनि कहीं ब्रह्मको उपदेश दिइन्छ। आकृति र चेष्टाबाट यिनलाई ब्रह्मज्ञान भए जस्तो देखिन्न। तैपनि ब्रह्मविद्याको कदर गर्नैपर्छ' इत्यादि विचार गरेर अजातशत्रुले भने यहाँलाई हजार गाई टक्र्याउँछु। हुनत जनक ज्यादै दाता र श्रोता पनि छन् भनेर विद्वान्हरू जनकपुरतिर नै दगुर्छन्।'

'ब्रह्मको उपदेश दिन्छु मात्र भन्दा त हजार गाई दिन्छन् भने उपदेश दिइसकेपाछ गुरुदक्षिणा कति देलान त' इत्यादि कुरा मनमा गुनी खुशी भएका बालाकिले गड्केर भने, 'आदित्यमा जुन पुरुष छन्। उनलाई नै ब्रह्मरूपले उपासना गर्छु, अनि तिनै ब्रह्मको उपदेश तपाईंलाई दिन्छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'यिनी त उपासक पो रहेछन् केको ब्रह्मज्ञानी हुन्थे ! यस्तो अल्पज्ञ आफू हुँदा हुँदै पनि सर्वज्ञ बन्न खोज्नु कृतार्थ भएँ भन्नु कति लाज लाग्दो कुरा हो' इत्यादि मनमनै गुनी हात हल्लाएर भो भो भन्ने ईशारा गर्दै अजातशत्रुले भने, 'यस्तो जानिनें ब्रह्मको विषयमा चर्चा नै नगर्नोस् । तिनलाई मैले जानिसकेको छु । तिनले सारा भूतलाई अतिक्रम गरेर रहेका छन् । त्यसैले तिनलाई अतिष्ठा भन्छन् । सारा भूतका उनी शिरोमणि हुन् । प्रकाशमान हुनाले उनलाई राजा पनि भन्छन् । यसै हुँदा जसले आदित्य ब्रह्मको उपासना गर्छ ऊ सारा भूतको शिरोमणि र राजा पनि बन्छ ।'

चन्द्रपुरुष विद्युपुरुष आकाशपुरुष, वायुपुरुष अग्निपुरुष र आदर्शपुरुष इत्यादिको उपासना बताउँदा पनि अजातशत्रुले प्रत्याख्यान गरेको देखी बालाकि नून खाएको कुखुरा जस्तै भए । जवाफ दिने कुरा केही पनि नफुरेकोले उनी मन्टो निहुराएर चूप भए । मुसुक्क हाँसेर काशीराजले भने, 'तपाईंको ब्रह्म यत्तिकै हो कि यहाँभन्दा माथिको पनि छ ?

बडो मुश्किलले वाक्य फुटाएर बालाकिले भने, यत्ति हो ।'

भेदवासना छँदा छँदै यस्तो अधूरो मानिसले पनि वासनारहित भए जस्तै गरी गड्कनु त वर्षामा खहरे उर्लिए जस्तै हो' इत्यादि विचार गरी अजातशत्रुले भने, 'यत्तिले त यथार्थ ब्रह्मज्ञान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन । फेरि यत्तिकैमा ब्रह्मको उपदेश दिन्छु भनेर किन गड्कनु-भएको त ?

कुरै नबुझी मैले त्यसै उडकेको रहेछु । पहाडको फेदीमै बसेर शिखरमा पुगेँ भन्ठानेको रहेछु । यसैले आफ्नो अनुभव सज्जनलाई बताउनू भनेका रहेछन् आज यिनको सत्संगले गर्दा आफ्नो कमजोरी अपूर्णता मलाई थ हा भयो । यिनले साँच्चिको ब्रह्मलाई अवश्य जानेका होलान् , नत्र यसरी मेरो कुरा काट्न कसरी सक्थे ? अब यथार्थ ब्रह्म जान्नाको लागि यिनकै शरण पर्नुपर्‍यो । आफ्नो शरणमा नपरी शिष्यलाई पनि ब्रह्मज्ञान शास्त्रमा नबताउनू भन्ने लेखिएको छ ।' इत्यादि मनमनै गुनेर बालाकिले भने, बलाकाको छोरो म तपाईंको उप-सन्न शिष्य हुन्छु ।'

'ब्राह्मणले क्षत्रियको शिष्य बन्नु त उल्टो कुरा हो । यसैले तपाईं आचार्य नै भइरहनोस् । तैपनि तपाईं जस्तो उत्तम जिज्ञासुलाई यथार्थ ब्रह्मको ज्ञान गराउँला' इत्यादि कुरा भनी अजातशत्रुले बालाकिको हात समाते, अनि उठेर मानिस सुति-रहेको ठाउँमा सँगसँगै गई बोलाए 'ए पाण्डरवास ? ए सोम राजा ?'

ज्यादै मस्तसँग निदाएको हुनाले पाण्डरवास उठेनन् , अनि अजातशत्रुले हातले घचघच्याएपछि उठे । त्यसपछि बाला-किलाई अजातशत्रुले भने, 'हेर्नुहोस् बालाकि, तपाईंको कर्ता भोक्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्य ब्रह्म त भर्ती जस्तो हो । मैले जानेको अकर्ता, अभोक्ता द्रष्टा ब्रह्म मालिक जस्तो हो । जाग्रत् अवस्थामा छुट्याएर देखाउन अलि मुश्किल हुँदा सुतेको मानिस भएको ठाउँमा मैले ल्याएँ । तपाईंले मानेको प्राण यथार्थ ब्रह्म भए मैले बोलाउँदा यसको प्राण त छँदै थियो, तर किन बोलेन । यथार्थ ब्रह्म त प्राणको पनि प्राण हो अनि निरुपाधिक हो । तपाईंको ब्रह्म त सोपाधिक हो । यसै हुँदा कार्य पनि होइन अनि कारण पनि होइन भनेर श्रुतिले नेति नेतिको उपदेश गरेको छ । त्यसैले तपाईंको अविज्ञानमय आदित्य आदि ब्रह्मभन्दा विज्ञानमय यथार्थ ब्रह्म विलक्षण छ । लौ, पहिले तपाईंलाई एउटा प्रश्न गर्छु, 'यो सुतेको बखतमा यसको अन्त करण कहाँ थियो फेरि ब्यूँझेपछि त्यो कहाँबाट आयो ? लौ भन्नुहोस् त ।

बालाकिलाई यस विषयमा केही पनि थाहा थिएन । अनि उनी के जवाफ दिऊन् ? उनी अकमक्क परेको देखी राजाले भने, 'सुतेको बखतमा इन्द्रियको सामर्थ्य समेत अन्तःकरण हृदयाक शमा अर्थात् आत्मामा गएर सुत्छ । यसैले स्व अर्थात् आत्मामा अपीति प्राप्त हुन्छ । यसै हुँदा 'स्वपिति' भन्छन् । अनि ब्यूँझेपछि त्यहींबाट आउँछ । हेर्नुहोस्, हाम्रा शरीरमा बत्तीस हजार नसाहरू छन् । तिनीहरू हृदयबाट अर्थात् कमलको आकार भएको मांसपिण्डबाट सारा शरीरमा छाईंदै बहिर्मुख हुन्छन् । सुतेको बखतमा पनि यदि सपना देख्छ भने त त्यहाँ ऊँचो नीचो गतिमा प्राप्त हुन सक्छ, तर त्यो पनि सबै अविद्या-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वारा आरोपित कुरा हो । त्यो अवस्थामा आत्मादेखि भिन्न जाग्रत्कालको प्रतिबिम्बभूत कर्मफल देखिन्छ । वास्तवमा सपनाका पदार्थ जस्तो बाहिर देखिएका होइनन् त्यस्तै विपनाका पदार्थ पनि बाहिर छैनन् । खालि दृढताले गर्दा बाहिर देखिएका जस्ता मात्र हुन् । त्यसैले क्रिया, कारक र फलदेखि पनि भिन्न ज्ञाता, ज्ञान, ज्ञेय रूप त्रिपुटीदेखि रहित विज्ञाता नै आत्मा हो । हेर्नु-होस् , जस्तो माकुरोले जालो निकाछ फेरि जस्तो आगोबाट झिल्काहरू निस्कन्छन् । त्यस्तै आत्माबाट नै सारा प्राण, सारा लोक सारा देवता र सारा प्राणीहरू पैदा हुन्छन् । आत्मामा नै स्थित छन् । अनि आत्मामा नै लीन हुन्छन् । पानीबाट नै छाल, फींज, फोकाहरू पैदा भएको र पानीमै तिनीहरू स्थित भएको, अनि पानीमै ती छालहरू लीन भएको हामीहरूले देखि-रहेकै छौं । त्यसै गरी सारा जगत्को सृष्टि स्थिति र प्रलय आत्मामा नै भइरहेको छ । त्यसको स्वरूपलक्षण हो । सत् चित आनन्द । त्यही नै ब्रह्म हो । तर यो ब्रह्मविज्ञानका लागि परम साधन हो श्रद्धा ।

आफ्नो अधूरो ज्ञानको खण्डन यसरी हुँदा पनि बालाकि प्रसन्न भए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के रैक्वको चिह्ने ?

पाँच घडी रात बाँकीमा भाटहरूले जागा गराइएका जनश्रुतका पनातिले मनमनै भने—हिजो राती कौसीबाट देखिएका ती दुइजना को होलान् ? तिनीहरू यहाँ कहाँबाट आइपुगे ? तिमीहरू को हौ भनी मैले सोध्नुपर्ने रहेछ । ती दुइजनाको कुरा सुनेर म त अल्झ परिरहें । एउटाले मेरो त्यत्रो तारीफ गर्दै भन्यो—अल्लाक्ष, दानी जानश्रुतिको तेज स्वर्गसम्म फिजिएको छ । यसको सरानी देवताहरू पनि गर्छन् । यो श्रद्धापूर्वक दिन्छ, फेरि सकेसम्म धेरै दिन्छ, यसले बनाएका धर्मशाला अनगिन्ती छन्, सारा दीन दुःखीहरू यसैमा बसून् भन्ने यसको इच्छा छ, फेरि तिनमा प्रशस्त अन्न पकाइन्छ, अनि कोही पनि भोको रहन पाउँदैन । हेर, यसको कति चहकिलो तेज छ । योसँग जोरी खोज्यौ भने तिमीलाई डढाइदेला ।"

अर्कोले फेरि रैकको तारीफ गर्दै भन्यो—"यो बिचरो राजा केको पुण्यात्मा ? के यो गाडावान् रैक जस्तो पुण्यात्मा हो र ? साराले जुन पुण्य गर्छन् त्यो त रैकको पुण्यपर्वतको अगाडि तिल जस्तै हुन्छ । रैकले जुन कुरा जानेको छ त्यो कुरा जान्ने यो देशमा को छ र ? यो राजालेत त्यसको गन्ध पनि थाहापाएको छैन ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरै तर्क-वितर्क गरिसकेपछि राजाले आफ्नो गुण गाउने एक जनालाई डाकेर भने "के म गाडावान् रैक जस्तै तारीफ गर्न लायकको छु र ? जाऊ, 'राजा तपाईंको दर्शन गर्न चाहन्छन्' भनी रैकलाई निवेदन गर ।"

राजाले के भनेका हुन् यो ! रैक भनेको को हो ? ठेगाना भए पो त्यहाँ गएर खोज्नुहुन्थ्यो । खालि नाम मात्रले कहीं पत्ता लाग्ला ? यत्रो देशमा गाडावान् कति छन् कति ? रैक यो हो भनेर कसरी चिन्नु ? फेरि त्यो गाडावान्सँग राजाले आफैं भेट गर्नुपर्ने काम के होला ! इत्यादि कुरा खेलाएर राजाको केही आशय बुझेको सेवकले हात जोरेर भन्यो - "ती रैक कस्ता छन् ? सबै पत्ता पाए तुरून्तै महाराजको आदेश पूरा गर्ने थिएँ ।"

राजाले अलि झर्केर भने - "अघि नै भनिहालें नि । सारा प्रजाले गरेको भन्दा उनी बढी पुण्य गर्छन् रे । फेरि उनले सारा कुरा जानेका छन् रे । उनी सधैं सुखी छन् रे ।"

सेवकले मनमनै विचार गऱ्यो—"राजा भनेको आगो हो । अब योसँग सवालजवाफ गर्नु ठिक छैन । सारा गाडावान्-लाई सोध्दै जान्छु । केही गरी फेला परेन भने पछि आएर फेरि हात जोर्नु पर्ला ।"

सेवक गएपछि राजा गुनगुनाउन थाले—"रैक भनेको मान्छे यो देशमा होला त ? खै, गुप्तचरहरूबाट आजसम्म त्यस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुण्यात्मा मानिसको कुनै खबर आएको छैन ! राती म झकाएको हुँ कि ? तर हैन। त्यो वेला म जागै छु। यदि रैक भेटिएन भने के गर्ने ? फेरि गाडावान् कसरी त्यस्तो पुण्यात्मा हुनु ? म जस्तो दान गर्न सक्ने धनी भए जरूरै गाडा चलाउँदैनथ्यो हं ला।...”

साँझमा पसिना चुहाउँदै अँध्यारो मुख लाएर आएको सेवकले थरथर काम्दै बिन्ति गऱ्यो “घोडामा चढेर सारा शहर सारा गाउँ खोजें तर पत्ता लाग्न सकेन।”

राजाले अलि राता आँखा लगाएर भने—“त्यस्तो मा नस पनि शहरमा गाउँमा भेट्टिएला ? ब्रह्मज्ञानी ब्राह्मणहरू बस्ता ठाउँमा बस्छन् ? थाहा छ ? जाऊ नदीको किनारमा अथवा जङ्गलमा अर्थात् एकान्त स्थानमा खोज।”

सेवकबाट रैकको खबर पाउनासाथ राजा त्यहाँ पुगिहाले जहाँ गाडामनि बसेर रैक आङ कन्याइरहेका थिए। गद्गद हुँदै हात जोडेर राजाले भने “भगवान् यो छ सय गाई, यो हरर यो रथ पनि यहाँलाई टक्र्याउछु। यहले हुन देवताको उपासना गर्नु हुन्छ त्यो मलाई पनि अ ज्ञा होस्।”

यो अधिकारी हो कि होइन ? छालाको थैलोमा गाईको दूध राख्नु त ठिक हुँदैन। यसै हुँदा पहिले यसको जाँच गर्नु-पऱ्यो भन्ने विचार गरी रैकले बडेर भने—“जा शूद्र ! तेरा यति गाईसाई मलाई चाहिँदैन। लैजा।”

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिल्ल परेका राजाले विचार गरे—"यिनले मलाई किन शूद्र भनेका होलान् ? यिनको तारीफ सुन्दा दिक्क भएँ भन्ने थाहा पाएर शूद्र भनेका हुन् कि ? किनभने शोक र मोहमा बग्ने मानिस नै शूद्र हो । अथवा समिधा लिएर आई सेवा गर्नु पर्नेमा धन दिएर विद्या लिन खोजेको हुनाले शूद्र भनेका हुन् कि ? ज्ञानका अगाडि धन के चीज हो र ? अथवा ब्रह्मको अनुभव नभएको हुनाले शूद्र भनेका हुन् कि ? अथवा थोरै धन ल्यायो भनेर शूद्र भनेका हुन् कि ? किनकि धनमा लोभ शूद्रकै हुन्छ ? हजार गाई लैजाऊँ कि जस्तो त मलाई लागेको थियो । तर ऐले यति नै भयो भनी मैले लोभ गरेको थिएँ । ज्ञान दिने गुरुलाई ब्रह्माण्डै दिए पनि पुग्दैन । वास्तवमा विद्या अनमोलको कुरा हो । कमले, सन्तानले, धनले ज्ञान पाइँदैन किन्तु त्यागले पाइन्छ । यी पक्का ज्ञानी हुन् । हेर, यिनको मुखमा चमक ! आँखामा कस्ता तेज ! कति शान्त ! यो कड्काइ त बनावटी जस्तो देखिन्छ । यिनको दर्शन पाउनासाथ मेरो मन त छथाङ्ग भयो । छिनभर मात्र भए पनि भित्रको बाहिरको सारा ससार वेपत्ता भयो । आत्माको आनन्दको स्वाद पाइहालें । यो कति ठूलो कुरा हो । दर्शनले नै महात्माहरू पवित्र गराउँछन् भन्ने कुरा साँचो रहेछ ।"

एक हजार गाई, हार रथ, राजकुमारी समेत ल्याई बस्नुभएको यो गाउँसमेत तपाईंलाई चढाउँछु भन्ने राजाको प्रार्थना सुनेर रैकले विचार गरे—"ब्रह्मचारी, धनदाता, बुद्धिमान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यादि हे थरी उपसन्न शिष्यलाई उपदेश दिनू भन्ने विद्याकै वचन छ, नत्र त्यसरी मैले हेलाँ गर्दा यो रिसाउनु पो पर्ने। राजा भए पनि राजमद कत्ति पनि देखिएन। चित्त-शुद्ध नभएको भए यो आगो भाहालने थियो। फन्केर फेरि फर्कंदै फर्कंदैनथ्यो। अरू चीज भनेको त्यस्तै हो। यस्तो अकिंचनलाई आफ्नो लायकको छोरीसमेत ल्याएर सुम्पनु ठूलो त्याग हो। मम थि पूरा श्रद्धा नभएको भए यस्तो सद्भावना हुन सक्ने थिएन। चारै साधन यो राजामा देखिन्छ। यसैले यो उपदेशको अधिकारी हो।

संवर्ग-विद्याको उपदेश दिएपछि रैकले भने—'महाराज, जल र तेज वायुमा विलीन भए भैं सारा कार्यको कारणमा विलय हुन्छ भन्ने कुरा त पाइले बुझिहाल्नुभयो। यसै हुँदा मूल कारण चैतन्यमा नै सारा जडको लय हुन्छ भन्ने कुरामा केही शंका छैन। अब जड जतिलाई छोडिदिनुहोस् अनि के बाँकी रहन्छ। हेर्नुहोस्, चित्त एकाग्र तुल्याएर मात्र हुँदैन किन्तु निरुद्ध तुल्याउनुपर्छ। हल्लिएको पानीमा चन्द्र, सूर्यको प्रतिबिम्ब छर्लङ्ग नदेखिए भैं चञ्चल चित्तमा आत्माको दर्शन राम्ररी हुँदैन चित्त अखण्ड तुल्याउनु नै ठूलो पुरुषार्थ हो। यसैका लागि प्रशस्त प्रयत्न गर्नुपर्छ। विचार गर्नुहोस्, अँध्यारो हटाउने इच्छा हुनेले बत्ती नबाली कहीं होला? त्यस्तै भित्रको अज्ञानरूपी अन्धकार हट्न पनि ज्ञानरूपी बत्ती बाल्नुपर्छ। म को हुँ? जगत् कस्तो हो? भन्ने विचारको धागो पहिले कात्नुपर्छ। जगत् झूटो हो भन्ने तेलमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसलाई भिजाउनु पर्छ । अनि स्थिर-बुद्धिरूपी दियोमा राखेर आत्मारूपी बत्तीमा सल्काउनुपर्छ त्यसपछि वासनाको हावा लाग्न नदिई सच्चिदानन्द स्थितिमा अखण्डरूपले ज्ञानदीप बले-पछि अज्ञानरूपी अँध्यारो खतम हुन्छ । यति नगरी यथार्थ अनुभव हुँदैन म खूब दानी छु भन्ने अहंकारलाई फालिदिनु-होस् । दान गर्ने तपाईं हैन किन्तु तपाईंको सत्ता पाएर स्थूल र सूक्ष्म शरीरले गो दान गर्छ । आगोमा परेको फलामको गोलाले तातो र रातो शक्ति पाए जस्तै तपाईंको सत्ता पाएर अहंकार पनि ज न्नेसुन्ने भएका छ । विवेक गरेर खण्डित, जड, नाशवान्, परप्रकाश्य अहंकारलाई त्यागेर व्यापक, चेतन, अविनाशी, स्वप्रकाश, आफू मात्र भएकोले कसैको आश्रय नगर्ने आत्माको अनुभव गर्नोस् म शुद्ध चैतन्य हुँ भन्ने निश्चय गरेर । जगत झूटो हो भन्ने दृढ-विश्वास भयो भने आत्माको अनुभव हुन बेर लाग्दैन । खूब श्रद्धा गर्नु होस् ।"

एक घडी जति समाधिमा रही आँखा उघारेर राजाले भने—"धन्य गुरुदेव, आज यहाँको कृपाले मेरो जन्म सफल भयो । वास्तवमा आत्मा पाउनुपर्ने वस्तु होइन रहेछ, किन्तु ऊत सदा प्राप्त रहेछ । उसैको सत्ता पाएर तीनै शरीर खडा भएका रहेछन् । ऊ नभए स्थूल शरीर कसरी चल्नु ? आँखाले कसरी देख्नु ? कानले कसरी सुन्नु ? मनले कसरी मनन गर्नु ? अज्ञान कहाँ खडा हुनु ? त्यस्तो प्रत्यक्ष वस्तुलाई पनि बुझ्न नसक्नु कस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजब ! म त अहंकारको चक्करमा पो परिरहेको रहेछु । संसा-ररूपी अँध्यारो कूवामा परिरहेको मेरो उद्धार यहाँले गर्नु भयो । यहाँ जस्तो दयालु गुरु को होला ? अब गुरुदक्षिणा यहाँलाई के चढाउँ ?''

''मलाई केही पनि चाहिंदैन भनी रैक शान्त भए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन वरदान

यमराजको ढोकामा कुरेको दुइ दिन बितिसक्दा पनि आबोचाबो केही नभएको देख्दा नचिकेता गुनगुनाउन लागे, 'यो के गजब हो ? यमराजले पनि मर्यादाको पालन गर्दैनन् भने अरू कसले गर्ला ? दुइ दिनसम्म पाहुनालाई कुराइरहनु कति अन्याय को कुरा हो। पञ्चमहायज्ञ पनि यी गर्दा रहेनछन् कि ? तर देवतालाई त्यसको के आवश्यकता र ! यो कर्मभूमि होइन। किन्तु भोगभूमि हो। तर जे होस् लोकसंग्रहका लागि पनि पाहुनाको सत्कार गर्नै पर्ने। साँझमा आएको पाहुनालाई मीठो वचन, भई सुकुल र पानी मात्रले पनि गृहस्थले सत्कार गर्नुपर्छ भन्ने शास्त्रको घोषणा छ। आफैंले शास्त्र नाघेपछि शास्त्रअनुसार नचल्ने जीवलाई यिनले दण्ड गर्न कहीं सुहाउला ? कानमा तेल हालेर पो बसिरहेछन् ए ? कि यी ढोकेहरूले नै खबर पुऱ्याएनन् कि तर यिनीहरूले त्यसो गरेका भए त मार खाइहाल्छन् नि ? बरु के गर्दो रहेछ भनी यमराजले नै जाँच गरेका त हैनन्। जे होस्, एकपल्ट फेरि ढोकेहरूलाई घच्घच्याउँछु।

तपाईं सित्तै किन आउनुभो ? आयु नसिद्धिई यमराजले कसैलाई पनि लिनुहुन्न। तपाईं आफ्नै बाबुकहाँ जानोस्' भनी ढोकेले भनेको सुनेर नचिकेताले मनमनै विचार गरे, फर्केर जाऊँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने पिताजीको आज्ञाभङ्ग हुन्छ । के गर्ने ? तर पिताजीले पनि गजबै गर्नु भएको हो । 'मलाई कसलाई दिनुहुन्छ ?' भनी मैले बिन्ति गर्दा रिसका झोंकमा एक्कासि मृत्युलाई दिन्छु भन्नु-भयो । रिस कस्तो खराब रहेछ । पाँच वर्षको प्यारो छोरो माथि पनि त्यस्तो वाग्वाणको प्रहार रिसले नै गराएको हो । ममाथि ज्यादै स्नेह थियो भन्ने कुराको प्रमाण उहाँको पछुतो नै छ । पछि कति थकथकी मान्नु भयो । विश्वजित्-यागको अन्त्यमा सर्वस्वदान गर्ने विचारले त त्याग हदमा पुगेको देखिन्छ । तैपनि म छोरामाथिको मोह उहाँले त्याग्न सक्नुभएन । असल बलिया दूधदिने गाई मेरो भागमा राखेर पानी प्यून नसक्ने अनि घाँस खान नसक्ने र दूध नदिने खूनी गाईहरू ब्राह्मणहरूलाई दिनु-भयो । त्यस्ता गाई दान गरेर परलोकमा सुख हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि मेरो मायाले उहाँको बुद्धिलाई ढपक्क ढाकिदियो ।

नचिकेताले फेरि मनमनै भने, 'हुन त नाबालक छोराको भाग राखेर मात्र दान गर्नु भन्ने शास्त्रको वचन छ क्या र ! जे होस् त्यस्ता गाई दिएर पिताजीको परलोक सुखमय हुनेछैन भन्ने ठानी 'मलाई कल्लाई दिनुहुन्छ ?' भनी मैले भनें । मेरो आशय हो—मेरा भागका असल गाई पनि दिनोस् भन्ने । तर मैले पण्डि-त्याइँ छाँटे जस्तो उहाँले ठान्नुभयो र रिसको वेग रोक्न सक्नु-भएन । सर्वस्व त्याग्न सक्नेलाई पनि रिस त्याग्न गाह्रो हुँदो रहेछ भने अरूको के कुरा ! अलिकति मेरो पनि दोष छ । दुइपल्ट सोद्धा पनि बाबुले वास्ता नगरेपछि मैले चूपलाग्नु पर्ने थियो । तर बाबु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरकमा पर्ने जानीजानीकन पनि जुन छोराले उपेक्षा गर्छ त्यो त बिष्ठा-बराबर हो भन्ने शास्त्रको वचन शिरोपर गरेर मैले त्यही कुरा तेह्र्याएँ। बाबुको आशय बुझेर काम गर्ने छोरो उत्तम हो, भनेको काम गर्ने मध्यम हो, भनेपछि अश्रद्धाले गर्ने अथवा बाबुको कुरा काट्ने अधम हो। तर म अधम छोरो त अवश्य होइनँ। पिताजीको कल्याण होस् भन्ने नै मेरो लक्ष्य हो। बरु मैले स्वार्थलाई तिलाञ्जलि दिएको हुँ।

'पछि फेरि मेरो मोहले गर्दा यमराजकहाँ नपठाउने विचार पिताजीले गर्नु भयो अनि मैले भनें-पुरुखा र अरू सज्जन-हरू जुन बाटो गए, हामीले पनि त्यसैको अनुसरण गर्नु पर्छ। यहाँ बाँचिरहने कुनै पनि होइन। एकाथरि धान पाक्छन् फेरि अर्काथरि जन्मन्छन्। हाम्रो पनि त्यही गति हो। यस्तो सरि-रहने संसारमा पनि झूटो बोल्नु कहीं ठीक होला? आफ्नो शिर इन्द्रले काट्ने कुराको समेत वास्ता नराखेर सत्यवादी दध्यङ्ङा-थर्वणले अश्विनीकुमारलाइ ब्रह्मविद्या दिए।'

'प्रतिज्ञा भङ्ग गर्न नहुने हुनाले शत्रु प्रतर्दनलाई पनि इन्द्रले ब्रह्मविद्या दिए। बाजश्रवा अरुण मुनिका छोरा तपाईंले पनि अहिले सत्यलाई त्याग्नुभयो भने मर्यादा कसरी रहला? यदि आज्ञा दिनुहुन्न भने म आफैं प्राण छोडेर तपाईंको प्रतिज्ञा पूरा गरिदिन्छु।'

अग्नि जस्तै तेजिला ब्राह्मण आइरहेछन्, पाउ धुने जल लिएर जानुहोस्, भनेपछि जसको घरमा पाहुनालाई भोकले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सताउँछ त्यसका आशाहरू मात्र होइनन् किन्तु छोरा र पशु-समेत नष्ट हुन्छन् भन्ने परिवारको निवेदन सुनेपछि नचिकेताको नजीकै गएर पूजा गरी यमराजले भने – तीन दिनसम्म केही पनि नखाएर मेरो घरमा बस्नु भएछ । यसैले तिनौटा वर माग्नुहोस् । मेरो पनि कल्याण होस् ।

नचिकेताले हात जोरेर भने – 'मेरो पिताजीको रिस शान्त होस् । उहाँ मदेखि प्रसन्न हुनुहोस् । फेरि म फर्केपछि प्रेत आएको हो कि भन्ने नठान्नुहोस् अर्थात् यो उही मेरै छोरो हो भनेर चिन्नुहोस् ।' यही नै पहिलो वर माग्छु ।

यम. – मृत्युको मुखबाट छुटेर आएको तपाईंलाई देखेर उद्दालक मुनि प्रसन्न हुनुहोला र राती पनि आनन्दसँग सुत्नु-होला ।

न. – स्वर्गमा कुनै डर हुँदैन रे ? बुढ्याइँको दुःख हुन्न रे ? भोक प्यासले पनि सताउन्न रे ? स्वर्गीय पुरुष सँधै प्रसन्न हुन्छन् रे ? फेरि अग्नि-विज्ञानबाट निश्चय नै स्वर्गमा अटल भएर बस्न पाइन्छ रे ? यो कुरा कसो हो ? यदि यथार्थ हो भने त्यही अग्निविद्या मलाई सिकाइदिनुहोस् । यही दोस्रो वर हो ।

य – तपाईंको असल विचार सुनेर म ज्यादै खुशी भएँ । लौ अग्निविद्या सिक्नुहोस् । यी अग्नि पनि तपाईंकै नामले प्रसिद्ध हुनेछन् । लौ, यो रत्नको माला पनि लिनुहोस् । यी अग्निको उपासनाले तपाईंलाई खूब शान्ति हुनेछ । मृत्यु-पाश-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई हटाई सुखी भएर स्वर्गमा बस्नुहोला। लौ, अब तेस्रो वर मागनुहोस्।

न.—प्राणी मरेपछि पनि फेरि शरीर, इन्द्रिय आदिदेखि भिन्न अर्को आत्मा छ भनी कोही भन्छन्, कोही छैन भन्छन्। यथार्थ कुरा कुन हो ? यो इन्द्रियबाट प्रत्यक्ष हुने कुरा होइन, न त अनुमानबाट निश्चय गर्न सकिने कुरा हो। त्यसैले यही आत्मविषयक विद्या सिकाइदिनुहोस्। यही मेरो तेस्रो माग हो।

य.—यो विषयमा त देवताहरूले पनि एकमुरी शंका गरेका थिए, फेरि यो ज्यादै सूक्ष्म कुरा हो। तपाईं पनि केटाकेटी नै हुनुहुन्छ। घाँटी हेरेर हाड निल्नुपर्छ। बुझ्नु भयो ? उसैले अर्कै वर माग्नोस्।

न.—देवताहरूले पनि घेरै चर्चा गरेका रहेछन् भने यो कुरा त झन् जान्न लायक रहेछ। फेरि ज्यादै सूक्ष्म भएको हुदा अल्पज्ञ व्यक्तिले बताउन सक्ने पनि रहेनछ। तपाईं जस्तो सर्वज्ञ वक्ता भेट्टाउन पनि दुर्लभ छ। मौका आउँछ फेरि पर्खिरहँदैन भन्छन्। उसैले उपसन्न (शिष्य) बनेर तपाईंकै पाउमा पर्छु। केटाकेटी मर्दैन भन्ने निश्चय पनि छैन। त्यसैले यही नै वर दिनुहोस्।

य—नचिकेता, तरवारको धारमा किन हिंड्न खोज्नुहुन्छ ? हेर्नोस्, 'आकाशको फल्, आँखा तरी मर्' जातै हुन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाला । बरू हात्ती घोडा गाई के चाहिन्छ ? भन्नोस् । सुनको थुप्रो चाहिन्छ कि ? राज्य चाहिन्छ कि ? सय वर्षसम्म बाँच्ने इच्छा छ कि ? चिरञ्जीवी नै हुन चाहनुहुन्छ कि ? भनेजस्ता राम्रा युवति चाहिन्छ भने कतिओटी चाहिन्छ भन्नुहोस् । तर मरणको बारेमा नसोध्नोस् । हेर्नोस् काकको दाँत छ कि छैन भन्ने परीक्षा गरेर के फाइदा ?

न - भोलिसम्म बाँचिने निश्चय छैन भने भोग मागेर के फाइदा । भोग त संसारको महारोग हो । शरीर थोत्रो भयो भने ज्यादै दुःख हुन्छ । चिरञ्जीवी त के ब्रह्माजीकै आयु पाए पनि के गर्नु ? सय वर्ष पुगेपछि उहाँले पनि ब्रह्मलोक छोड्नुपर्छ रे । हैन त ? यसैले तपाईंका बग्गी घोडा नाचगान सबै तपाईंलाई नै लागून् । फेरि अहिलेसम्म ऐश्वर्यले को तृप्त भएको छ र ? यसै हुँदा मलाई त आत्मविज्ञान नै बताइदिनुहोस् ।

बालक भएपनि यो नचिकेता ज्ञानको अधिकारी हो । पूर्वजन्मको नै योगी पुरुष हो । यसैहुँदा अहिले यो लोकमा यसरी आउन सक्यो । यसमा चारै साधन पाइन्छ । कस्तो वैराग्य ? मोक्षको कस्तो तीव्र इच्छा ? तीन दिनसम्म खान नपाउँदा पनि शम, दम, उपरति, तितिक्षा रतिभर पनि छोडेन । फेरि यसको श्रद्धा कस्तो दृढ ? योग नगरेको चानचुने मानिस भए ज्यूँदै यहाँ कसरी आइपुग्नु ? यस्तो समाहित व्यक्तिलाई ज्ञान नदिए त पाप लाग्छ । इत्यादि मनमनै विचार गरी यमराजले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने - क्याबात नचिकेता तपाईं साँच्चिको मानिस हुनुहुँदोरहेछ। हेर्नोस्, श्रेय अर्कै हो र प्रेय अर्कै हो। प्रेयको इच्छा गर्ने चाहिँ अविद्याको धापमा जाकिन्छ, श्रेय अर्थात् मोक्षको इच्छुक चाहिँ विद्यातिर लाग्छ। यो विद्या सुन्न पनि धेरैले पाउँदैनन्, सुने पनि धेरैजसो बुझ्दैनन्; वक्ता त विरलै हुन्छन्, फेरि ग्रहण गर्ने व्यक्ति त शिला खोज्नुपर्छ। यो ज्यादै मसिनो हुनाले बुझ्न मुश्किल भए पनि ज्ञानीको संगतले सहज हुन्छ। ज्यादै गहन गुफाभित्र बसेको त्यो आत्मालाई चित्तको समाधान विना भेट्टाउन सकिन्न। त्यसको प्रतीक हो प्रणव। सानोमा पनि अतिशय सानो छ। ठूलोमा पनि ज्यादै ठूलो छ। अचल भए पनि टाढा जस्तै हुन्छ। सुतिरहे पनि सबैतिर हुन्छ। तर त्यस्तो आत्मा खालि प्रवचन, स्मृतिशक्ति र विद्वत्ताले जानिने होइन।

न — कसरी जानिन्छ त ?

य. दुश्चरित्रबाट हटेर, इन्द्रिय जितेर, समाहित भएर अनि मन शान्त गरेर। यसरी जसले रातदिन भजन गर्छ उसैलाई आत्माले वरण गर्छ।

न.—आत्मा कहाँ छ ?

य.—जहाँतहीँ छ। तर उसको छाया शुद्ध बुद्धिमा छर्लङ्ग देखिन्छ। हेर्नोस्, आत्मालाई रथी ठान्नोस् अनि शरीरलाई रथ, यसैगरी इन्द्रियलाई घोडा मनलाई लगाम र बुद्धिलाई सवार मान्नोस्। यदि घोडा कुबाटोमा कुदून थाले र सवारले लगाम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्न सकेन भने के गति होला ? आफैं विचार गर्नोस् ।

न.—आत्मा यस्तो छ भनेर मलाई देखाइदिनुहोस् न ।

य —त्यस्तो ज्यादै सूक्ष्म वस्तुलाई कसरी इन्द्रियको विषय गराउनु ? हेर्नोस्, इन्द्रियभन्दा मन सूक्ष्म छ मनभन्दा बुद्धि सूक्ष्मतर छ बुद्धिभन्दा महत्तत्त्व सूक्ष्मतम छ अनि महत्तत्त्व-भन्दा अव्यक्त अति सूक्ष्मतम छ र ऊभन्दा पनि आत्मा निरतिशय सूक्ष्मतम छ । यसैले बुद्धि ज्यादै सूक्ष्मतम नभई अर्थात् अतिशय अखण्ड बुद्धि नभई सर्वत्र व्यापक भए पनि आत्मा देखिदैन । त्यसकारण पहिले इन्द्रियलाई रोक्नोस्, अनि मन बुद्धिमा चढाइदिनोस् ; फेरि बुद्धिलाई महत्तत्त्वमा र उसलाई साक्षी आत्मामा विलीन गराइदिनोस् अर्थात् उखुको रस जस्तो चैतन्य-लाई मात्र लिएर छोक्रा जस्तो जडलाई फालिदिनोस् ।

न.—त्यसरी चैतन्यरस मात्र पिइरहन त मुश्किल पर्ला कि !

य.—विचार गरे केको कठिन हुन्थ्यो ? जसको सत्ता पाएर इन्द्रियहरूले आफ्ना आफ्ना विषय थाहा पाइरहेछन् ; ग्रह ताराहरू जसका सत्ताले उदाइरहेछन् । भन्नोस्—कसका सत्ताले प्राण र अपान चलिरहेछन् ? फेरि प्राण र अपान मात्रले मानिस जागा हुँदैन । प्राण आदि सुतेमा पनि ऊ सँधै जागा हुन्छ । सत्य वस्तु त्यही एउटा हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न. – यदि एउटै भए यतिका जीव कसरी भए त ?

य – जस्तो सूर्य एउटै भए पनि जलाशयपिछे उनको छाया भिन्न भिन्न हुन्छ त्यस्तै हरेक अन्तःकरणमा आत्माको छाया परिहाल्छ । त्यही छाया नै जीव हो । अन्तःकरण असंख्य भएकोले छाया (जीव) पनि असंख्य हुनु स्वाभाविकै हो । सामुन्ने जति ऐना राख्नुहुन्छ उति नै तपाईंको छाया देखिन्छ । हेर्नुहोस्, कसैको आँखा दुखेर सूर्यलाई केही हुँदैन । अनि पानी सफा होस् कि रातो होस् कि कालो होस् कि धमिलो होस्, सूर्यलाई केही हुँदैन । किन्तु छाया चाहिं जस्तो पानी छ उस्तै देखिन्छ । त्यस्तै अन्तःकरण सत्त्वगुणी होस् कि रजोगुणी होस् कि तमोगुणी होस् कि त्यसले आत्मालाई छुँदैन । खालि छाया (जीव) लाई मात्र रङाइदिन्छ । जस्तो पानी हल्लियो भने सूर्यको छाया देखिंदैन त्यस्तै मन चलिरह्यो भने आत्माको सच्चिदानन्दरूप छर्लङ्गसँग देखिंदैन । यसैले मन नचलाउनुहोस्, कुनै इच्छा नउठाउनुहोस् । हृदयको गाँठो नफुकी आत्मतत्त्व देखिंदैन । म सुखी, म दुःखी, मेरो शरीर इत्यादि नै गाँठो हो । म शरीर इन्द्रिय प्राण मन बुद्धि र अहंकार होइन, किन्तु उपाधिरहित शुद्ध–चैतन्य हुँ भन्ने दृढ निश्चय भए गाँठो फुकिहाल्छ । मुजबाट इषीका जस्तै तीन शरीरदेखि आफू अलग हुनुहोस् ।

आधाघडी जति पछि आँखा उघारेका नचिकेताले यमराजका पाउमा परेर भने –धन्य ! धन्य ! गुरुदेव ! यहाँको कृपादृष्टिले मेरो आवरण हटयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तिको मार्ग

बाह्र वर्षसम्म गुरुकुलमा पढेर आएका छोरा श्वेतकेतुको चाल देखेर आरुणि उद्दालकले विचार गरे—"यो के गजब हो ? अङ्गसहित सारा वेद पढेर आउँदा पनि यस्तो घमण्ड ? विद्याले त झन् विनय पो दिनुपर्ने ? यस्तो उल्टो किन भयो ? यसमा मेरो पनि कुनै दोष छ कि ? बाह्र वर्षसम्म उपनयन नगराएकोले यस्तो भएको हो कि ? तर त्यसमा मेरो दोष छैन। हो, पाँच वर्षसम्म त मैले ज्यादै पुलपुल्याएँ। छैटौं वर्षदेखि त मैले प्रयास गरेकै हुँ। तर यसले मान्दै मानेन, खालि खेलवाडमा लागिरह्यो। अझ यसले गरेका उपद्रव सुनेर मेरा कान पनि टट्टाए। कांपिल्यलाई रगतपक्ष पारेर यसले लडाइदिंदा बाबु बालखिल्य आएर कसरी बंके ? त्यो अझसम्म पनि मैले बिर्सेको छैन। त्यस्तो उपद्रो यसले कति गऱ्यो कति ? अन्त्यमा सहिनसक्नु भयो र तीर्थ गर्न जाने बहाना गरी एकान्तमा यसलाई बोलाएर सम्झाएँ—"बाबु श्वेतकेतु ! अब तिमी तेह्र वर्ष लाग्छौ। तर ऐलेसम्म अक्षर पनि राम्रोसँग चिनेका छैनौ। हेर, तिमी अरूण ऋषिका नाति हौ। कुलपतिको पदमा रहेर उहाँले हजारौं चेलाहरूको उद्धार गर्नु भयो। फेरि हाम्रो कुलमा आजसम्म एक जना पनि अशिक्षित भएको सुनिएको छैन। हेर बाबु ! शिक्षा तेस्रो आँखा हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अखण्ड ज्योति हो, अनमोलको मणि हो; यदि त्यो भएन भने जीवन अँध्यारो हुन्छ। उपनयन गर्ने समय पनि नाघ्न आँटि-सक्यो। अब पनि व्रतबन्ध भएन भने त तिमी ब्राह्मणत्वबाट झरेर व्रात्य हुन्छौ। तिमीले छोएको भात कसैले खाँदैन, तिमीलाई कुनै ब्राह्मणले छोरी दिदैन, तिमीलाई कुनै गुरुले वेद पढाउँदैनन्। वेद ज्ञानको खानी मात्र होइन, किन्तु सुखको समुद्र पनि हो। त्यहाँ डुबुल्की मार्न सके अनमोलका मोती पाइन्छन्, तिनमा एउटा मात्र मोती लिन सक्यौ भने पनि तिम्रो जीवन सफल हुन्छ। यदि वेदको रहस्य थाहा भएन भने तिमीले संसारचक्रको चक्कर चौराशी लाख पटक लगाउनु पर्नेछ। अब म तिमीलाई कुलपति शाण्डिल्य ऋषि-कहाँ लगिदिन्छु। उहाँ ज्यादै दयालु हुनुहुन्छ। यसै हुँदा मैले भन्दा पनि उहाँले तिम्रो माया गर्नु होला। तर तिमीले पनि गुरु र गुरुमाको आज्ञा मान्नू। सह-पाठीहरूसँग झगडा नगर्नू। इत्यादि धेरै सम्झाए पछि बल्लतल्ल ऊ पढ्न गयो। तर चारै वेद पढेर आउँदा पनि उसको बानी सप्रेको रहेनछ। खालि शास्त्रको भारी बोकेर मात्र के गर्ने? म सारा शास्त्र जान्दछु, म बराबरको विद्वान् को छ? इत्यादि भनाइ त अहंकारको पो हो। जबसम्म अहंकाररूपी सर्प हृदयमा बसिरहन्छ तबसम्म सुखको अनुभव कसरी हुनु? पढेर आए-पछि मलाई ढोग्नसम्म पनि ढोगेन। देख्या-नदेख्यै गरेर हिंड्छ। हुन त त्यसले ढोगेर मलाई के हुने? नढोगेर के नहुने? सपनाको अनमोलको रत्न आफ्नो अधीनमा भए पनि के? नभए पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के ?'

अचानक श्वेतकेतु आएको देखेर उद्दालकले फेरि चिन्तन गरे—"पढेर मात्र सुख शान्ति हुँदो रहेनछ । यसको मुखमा खोइ प्रसन्नता ?... ...

ढोग्ने छोराको कपाल सुँघी 'सद्बुद्धि आओस्' भन्ने आशीर्वाद दिएर उद्दालकले भने—"महामना श्वेतकेतु ! तिमीले त सारा शास्त्र पढेर आयौ हौला, तर त्यो विद्या पनि पढ्यौ ? जुन पढेपछि नसुनेको कुरा केही हुँदैन, नजानेको कुनै कुरा हुँदैन ।'

यो कस्तो गजबको कुरा हो ? जुन विद्या पढ्यो त्यो विषयको पो ज्ञान हुन्छ । नपढेको विद्याको पनि कसरी ज्ञान हुनु ? के व्याकरण पढेर ज्योतिषको कुरा थाहा पाउन सकिएला ? पिताजीको भनाइको आशय के हो ? इत्यादि कुरा मनसग गरी श्वेतकेतुले भने –'सारा कुरा जानिने विद्या त मैले पढेको छैन, त्यो कुन विद्या हो पिताजी ?'

उ – सौम्य, जस्तो एउटा माटोको डल्लो चिनेपछि माटोबाट बनेका सारा पाला गोलफू कहतारो, हाँडी ध्यांपो इत्यादि चिनिन्छन् त्यस्तै कारणरूप सुनलाई चिनेपछि उसका कार्यरूप मुन्द्री बाला, तिलहरी, कल्ली इत्यादि के चिनिंदैनन् ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्वे – मेरा गुरुले यो विद्या जान्नुभएको छैन होला, नत्र जरुरै यो विद्या सिकाइदिनुहुँदो हो। म जस्तो प्यारो शिष्यलाई त्यस्ता दयालु गुरुले गाभ राख्ने कारण केही थिएन। यसै हुँदा पिताजीले नै त्यो विद्या मलाई पढाइदिनुहोस्।

उ.— हुन्छ, बत उँछु। चिनीको स्वाद थाहा पाएपछि चिनी हालेका सारा मिठाइको स्वाद के थाहा हुन्न? हेर, सब भन्दा पहिले एक अद्वितीय सद्वस्तु मात्र थियो।

श्वे – यसको आशय के हो?

उ.— जस्तो कुनै मानिसले बिहान जाँदा कुमालेले माटो थुपारेको देखेको थियो, तर बेलुकी फर्केर आउँदा गोल्फू गाग्रो, घ्यांपो इत्यादि देखेर भन्छ—'बिहान जाँदा यो सब माटो थियो।' त्यस्तै यो जगत् सद्-वस्तुबाट पैदा भएको हो।

श्वे – दृष्टान्त दिएर आज्ञा भए छर्लङ्ग हुन्थ्यो कि?

उ.— जस्तो निद्राबाट ब्यूँझेको मानिसले खालि यति थाहा पाएको हुन्छ कि सुषुप्तिमा केवल सत्मात्र वस्तु थियो, त्यस्तै यो जगत्को उत्पत्तिभन्दा पहिले सत् मात्र वस्तु थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्वे. के सबैले यो सिद्धान्तलाई मानेका छन् ?

उ.— एकथरी कल्पना गर्छन्, अर्थात् पहिले सत्को अभाव मात्र थियो। सत्को विरोधी वस्तुलाई उनीहरू मान्दैनन्। तर असत्बाट सत्वस्तु कसरी पैदा हुनु ? यसै हुँदा पहिले सत्वस्तु मात्र थियो।

श्वे — यो जगत् कसरी खडा भयो ?

उ — सपना कसरी देखिन्छ ? के संकल्पबाट होइन ? हो, यो विपनाको जगत् पनि त्यसैगरी संकल्पबाट खडा भयो।

श्वे.- निदाएको अवस्थामा मन हुन्छ कि हुँदैन ?

उ.— त्यो बेलामा मन सतले नै संपन्न हुन्छ अर्थात् सत्-सँग एकरूप भएको हुन्छ। जस्तो-ऐना हटाइदिए-पछि मुखको प्रतिविम्ब के मुखरूप हुँदैन ?

श्वे.—अलि कुरा बुझिनँ।

उ — जस्तो धागोले बाँधिएको चरा सारा दिशामा उडे पनि अन्त्यमा आफ्नै बन्धनमा आउँछ, त्यस्तै यो मन पनि सारातिर घुमेर अन्त्यमा प्राणकै आश्रय लिन्छ। हेर, मर्ने लाग्दा पनि वाणी मनमा लीन हुन्छ अनि वरिपरिका मानिसहरू 'बोलन छोड्यो' भन्छन्, मन प्राणमा विलीन हुन्छ अनि 'होश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरायो' भन्छन्, अनि प्राण तेजमा विलाएपछि 'चलन छोड्यो' भन्छन्, अन्त्यमा तेज पनि परम देवतामा विलीन हुन्छ। अब भन् रहस्य कुरा भन्छु। सुन, जलको कार्यरूप पृथ्वी जलसिवाय अन्त कहाँ विलीन हुने ? त्यस्तै कार्य जल आफ्नो कारण तेजमा नै विलाउँछ अनि तेज पनि सत्मा विलाउँछ। वास्तवमा सारा जगत् सत्बाट पैदा हुन्छ सत्मा प्रतिष्ठित छ सत्मा नै विलीन हुन्छ। यसैले सारा सद्रूप हो। हे श्वेतकेतु ! तिमी पनि त्यही सद्रूप हौ।

श्वे.—भगवान् ! निदाएको वेलामा दिनकादिन सत् (ब्रह्म) स्वरूपमा पुगेर पनि सत्मा पुगें भन्ने किन थाहा नपाएको होला ? मैले अलि बुझ्न सकिनँ। यसैले फेरि दृष्टान्त दिएर बुझाईदिनुहोस्।

उ — हुन्छ बाबु ! जस्तो माउरीहरूले ठाउँ ठाउँका रूखका फूल र फलका रसहरूबाट मह तयार गर्छन्, ती रसहरू जस्तो म फलानो रूखको रस हुँ भनेर छुट्याउन सक्दैनन्, त्यस्तै सारा दुनियाँ पनि सुषुप्ति, मृत्यु र प्रलयकालमा सद्रूप भए तापनि सद्रूप हौं भन्ने पत्तो पाउँदैनन्। अर्थात् नजानीकन नै सद्रूप भएका हुन्छन्। यसैले ब्यूँझेपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाघ, सिंह, ब्वाँसो आदि जुन योनिको वासना छ त्यही योनिमा प्राप्त हुन्छन् । वास्तवमा सारा जगत् सद्रूप हो । आत्मा सत्य हो । हे श्वेतकेतु ! तिमी पनि उही सत् हौ । अर्थात तिम्रो अभाव कहिले पनि छैन ।

श्वे.—भगवान् ! जस्तो बिहान घरबाट अर्को गाउँमा पुग्यो भने म घरबाट आएको हुँ भन्ने थाहा पाउँछ, त्यस्तै सत्बाट आएपछि त सत्बाट आएको हुँ भन्ने थाहा पाउनुपर्ने, किन थाहा हुँदैन ? मैले राम्ररी बुझ्न सकिनँ । यसैले फेरि सम्झाइदिनुहोस् ।

उ — हुन्छ सौम्य । जस्तो कुनै नदी पूर्वतिर बग्छन् र समुद्रमा पुग्छन्, फेरि कुनै नदी पश्चिमतिर बग्छन् र समुद्रमा नै पुग्छन् । वास्तवमा तिनीहरू समुद्र-बाट नै पैदा भएका हुन् । किनभने सूर्यका किरणले समुद्रको पानी खिच्ता बादल बन्छ अनि त्यही बादलले पानी पार्छ र नदीहरू बहन्छन्, तर समुद्रमा पुगेपछि म वाग्मती हुँ, म गंगा हुँ इत्यादि भेद हराउँछ । त्यस्तै यी सारा प्रजाहरू सत्बाटै पैदा भएर पनि सत्बाट पैदा भएका हौं भन्ने बुझ्दैनन्, अनि जस्तो वासना छ उही बमोजिम बाघ, सिंह आदि हुन्छन् । यो सत् वस्तु ज्यादै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूक्ष्म हो, सत्य हो, आत्मा हो। हे श्वेतकेतु, तिमी पनि त्यही सद् वस्तु हौ।

श्वे.—पिताजी, पानीमा छाल, भुमरी, फोका, फींज देखिन्छन् तर फेरि पानीरूप भएर नाश हुन्छन्, तर जीवहरू ता सुषुप्ति मृत्यु आदिमा दिनहुँ कारणरूप भएर पनि किन नाश हुँदैनन्? यो कुरा राम्ररी बुझाइदिनुहोस्।

उ.—हुन्छ बाबु। यो ठूलो रूखको फेदमा बन्चरोले हान्यो भने ज्यूँदै हुँदा रस चुहाउला, त्यसै गरी बीचमा र टुप्पामा हाने पनि ज्यूँदै हुनाले रस चुहाउला। यो जीव आत्माले छाड्एको हुँदा पानी र पृथ्वी-माताको रस बेसरी पिउँदै लहलहाएर रहेको छ। यसको जुन जुन हाँगालाई जीवले छोदिडिन्छ त्यो सुक्छ। सबै हाँगालाई जीवले छोडिदिएपछि सबै सुक्छ, त्यस्तै जीवले रहित भएपछि शरीर मर्छ, जीव मर्दैन। हे श्वेतकेतु, यो सारा जगत् उही सूक्ष्म सद्रूप आत्मा हो। तिमी पनि त्यही हौ।

श्वे.—पिताजी, यो अत्यन्त स्थूल पृथ्वी आदि नाम र रूपले युक्त भएको जगत् त्यो ज्यादै सूक्ष्म र नाम,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूप केही पनि नभएको सद् वस्तुबाट कसरी पैदा भयो ?

उ.— त्यो एउटा वरको फल ल्याऊ, अनि त्यसलाई फोर।

वरको फल ल्याई फोरेर श्वेतकेतुले भने, 'यहाँ भित्र त साना दानाहरू रहेछन्।'

उ.— ती मध्ये एउटालाई फोर त।

एउटा दाना फोरेर श्वेतकेतुले भने, 'यहाँ भित्र त केही पनि रहेनछ।'

उ.— त्यहाँ भित्रको सूक्ष्म वस्तुलाई देख्न सकेनौ। त्यही अणुबाट यत्रो वरको रूख पैदा हुन्छ। कुरा बुझ्यौ ? मेरो वचनमा श्रद्धा गर। हेर, जुन यो सूक्ष्म वस्तु छ तद्रूप नै जगत् छ त्यही सत्य हो त्यही आत्मा हो। हे श्वेतकेतु, तिमी पनि त्यही हौ।

श्वे.— भगवान्, यदि जगत्को कारण सत् हो भने किन भेट्टाइन ? फेरि अर्को दृष्टान्त दिएर बुझाउनुहोस्।

उ.— हुन्छ बाबु, तर सावधान भएर सुन। हेर, भएको वस्तु पनि स्थूल दृष्टिले देखिदैन। यदि यो कुरा प्रत्यक्ष गर्न चाहन्छौ भने भरे गाग्रोमा नूनको डल्लो हाल, अनि भोलि मकहाँ आऊ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबुको आज्ञा मानेका श्वेतकेतुले भोलिपल्ट भने, 'पिताजी. मैले हिजो राती नूनको डल्लो हालेको गाग्रो यही हो।

मुसुक्क हाँसेर उद्दालकले भने, 'त्यो हिजो हालेको नूनको डल्लो भिक त।'

गाग्रो भित्र हात हाल्दा पनि नून नपाएका श्वेतकेतुले भने, 'नून त बिलाएछ।'

उ — लौ बिलाएको नूनलाई तिमीले देख्न सकेनौ। तर त्यो पानी अचाऊ त।

आचमन गरेका श्वेतकेतुले भने, 'पानी त नुनिलो रहेछ।'

मुसुक्क हाँसेका उद्दालकले भने, 'कुरा बुझ्यौ? नून पानीमा भए तापनि जस्तो आँखाले देख्न सकेनौ त्यस्तै जगत्को कारण सद् वस्तु सर्वत्र भएता पनि स्थूल दृष्टिले तिमी देख्न सक्तैनौ। तर अर्को उपायबाट पत्ता लाउन सक्छौ। कुरा बुझ्यौ? सारा त्यही सद्रूप वस्तु हो। त्यही आत्मा हो। हे श्वेतकेतु, तिमी पनि त्यही हौ।

श्वे.— भगवान् आँखाले नदेखिएको नून जिभ्रोले पत्तो-लागे जस्तै स्थूलदृष्टिले देख्न नसकेको सद् वस्तुलाई भेट्टाउने अर्को उपाय के हो?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उ.— हुन्छ बाबु, सुन । कोही मानिसलाई पाता कसी आँखामा पट्टल बाँधिदिएर डाँकाले घोर जङ्गलमा लगेर छोडिदियो भने चारैतिर फर्कदै मेरो बन्धन फुकाइदिनोस् भनेर त्यो चिच्याउला । हैन त ? यदि कसैले दया गरेर बन्धन फुकाइदिई 'तिम्रो जन्मभूमि यतातिर हो, जाऊ इत्यादि भनेर बाटो देखाइदियो भने ठाउँ ठाउँमा सोधपूछ गर्दै त्यो बुद्धिमान् मानिस आफ्नो देशमा पुगिहाल्छ । यसै गरी गुरुले शान्तिको मार्ग बताइदिए भने सत्-तत्त्वमा पुगिहाल्छ । अज्ञान नाश नहुन्जेल मात्र सर्वज्ञता प्राप्त गर्न विलम्ब हो । अज्ञान खत्तम हुनासाथ सद्रूप भइहाल्छ, अर्थात् सद्रूप आत्मस्वरूपलाई भुल्दा पञ्चमहाभूतले बनेको; कफ, वायु, पित्त रगत, बोसो, मासु, हाड, छाला, मल, मूत्रको वास जस्तो शरीररूपी जङ्गलमा मोहरूपी पट्टल लगाएर स्वास्नी, छोराछोरीहरूको पाशोले बाँधिएको जीवलाई अदृष्टरूपी चोरले छोडिदिएका छन् । यसै हुँदा दुःख भयो बाबा ? भनी मानिसहरू कराइरहेछन् । केही गरी कोही पुण्यात्मा रहेछ भने ज्यादै दयालु ब्रह्मिष्ठ गुरु भेट्टाइहाल्छ, अनि तिनै गुरुले संसारको असारता देखाइएको शिष्य विरक्त भइहाल्छ । त्यसपछि 'तिमी संसारी जीव होइनौ, किन्तु शुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चैतन्य वस्तु हौ' भनो बुझाइदिएपछि उसको अविद्यारूपी पट्टल फुकिहाल्छ । वास्तवमा यो सारा जगत् उही परम-सूक्ष्म, सत्य, आत्मवस्तु हो । हे श्वेतकेतु, तिमी पनि त्यही सद्वस्तु हौ ।

श्वे – पिताजी, जुन क्रमले सद्वस्तुको प्राप्ति हुन्छ त्यो दृष्टान्तद्वारा बुझाइदिनुहोस् ।

उ. – हुन्छ बाबु, सुन । सिकिस्त बिरामी भएको मानिसलाई नातादारहरू नजीकै बसेर 'मलाई चिन्छौ' भन्छन् । तर जबसम्म उसको वाक् मनमा, मन प्राणमा र प्राण तेजमा, अनि तेज परमदेवतामा लीन हुँदैन तबसम्म चिन्छ, लीन भयो भने चिन्दैन । ज्ञानी छ भने ऊ परमदेवताबाट फर्कदैन । अज्ञानी भने वासनानुसार बाघ, मानिस, देवता आदि भावमा प्राप्त हुन्छ । त्यही सूक्ष्म परमदेवतारूप सत्य आत्मा हो । त्यही सर्वत्र छाइएको छ । त्यसलाई जानेपछि सारा कुरा जानिन्छ । हे श्वेतकेतु, त्यही नै तिमी हौ ।

श्वे. – पिताजी, मर्ने अज्ञानीको र ज्ञानीको सद्रूपमा प्राप्ति उस्तै रहेछ, तर ज्ञानी सत्मा प्राप्त भएपछि फर्कदैन र अज्ञानी फर्कन्छ भन्नाको कारण फेरि दृष्टान्त दिएर बुझाइदिनुहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उ.— सौम्य, सुन । चोरलाई पुलिसले समातेर ल्याएको तिमीले देखेकै हौला । हातमा हतकडी लाएर ल्याउनाको कारण हो दण्ड गर्न अथवा जाँच पनि गर्न । यदि पक्रिएको व्यक्ति चोरीमा साबित भएन भने बच्चरो आगोमा तताएर विधिपूर्वक त्यो पक्रिएको व्यक्तिलाई छुन दिन्छन् । मन्त्र पढेर त्यो तातो बच्चरो छुँदा यदि आगोले पोल्यो भने त्यो चोर नै ठहरिन्छ । यदि सत्यले रक्षा गरिएको उसलाई पोलेन भने ऊ चोर ठहरिदैन र छुट्दछ । त्यस्तै ईश्वरबाट सारा कुरा हुँदाहुँदै पनि म कर्ता म भोक्ता भन्ठान्ने अज्ञानी विकाररूप झूटो अभिनिवेश लिएको हुँदा सत्मा पुगेर पनि वासनाले गर्दा फेरि नानायोनिमा प्राप्त हुन्छन् । कर्तृत्व आदि जीवभावले रहित भएको ज्ञानी चाहिं सत्रूपमा प्राप्त भएर फेरि फर्कन्न । वास्तवमा त्यही सत् वस्तु सारा जगत्को अधिष्ठान हो । आधार डोरी नभए सर्प कहाँ देखिनु ? त्यही सत्य आत्मालाई जानेपछि फेरि जान्नुपर्ने कुरा केही बाँकी रहँदैन । हे श्वेतकेतु, तिमी पनि त्यही सत्, चित् आनन्द वस्तु हौ । यही नै शान्तिको मार्ग हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आथर्वण दध्यङ्

आजदेखि अरूलाई आत्मविद्याको उपदेश नदिनू भनी गर्जेर इन्द्र गएपछि ऋषि दध्यङ्ले विचार गरे, 'कस्तो गजब ! इन्द्रमा पनि यस्तो दानवता ? यिनको यस्तै व्यवहार हो भने स्वर्गका जनतालाई के सुख होला ? आज दुर्लभ रहस्यमय मधुविद्याको उपदेश गर्ने निरपराध गुरुलाई पनि यसरी सताउँछन् भने अरू-लाई यिनले के गर्लान् ? गुरु अथर्वाको कत्रो सेवा गरेर मैले यो विद्या पाएको हुँ। हुनत अनधिकारीलाई यस्तो अमूल्य विद्या बताएको फल मैले पाएको हुँ कि ! यो कस्तो पाहुना हो ? अनि सर्पलाई दूध खुवाए पनि विष उकेल्छ भन्ने कुरा पहिले नै मैले मनन गर्नु पर्थ्यो। हो, पाहुनाको सत्कार गर्नु राम्रो काम हो, तर यो इन्द्र जस्तो मदमत्तलाई के चाहिन्छ भन्नुहोस् भनी मैले भन्नै हुँदैनथ्यो। तर त्यो मेरो प्रश्नको जवाफमा 'दुर्लभ विद्या सिकाउनोस्' भनी यो इन्द्रले कसरी भन्यो ! त्यस्तो सद्बुद्धि यसलाई कसरी आयो होला ! मलाई पनि फसादै पऱ्यो। सिका-एमा अनधिकारीलाई दियो भनी विद्या रिसाउने, अनि नसिका-एमा प्रतिज्ञा-भङ्ग हुने। झूटो बोलेमा नरकमा पर्ने निश्चय भएकोले 'गुरु बृहस्पतिका चेलालाई, बताउन के होला त' भन्ठानें, अनि पुराना चेला अश्विनीकुमारलाई पनि नसिकाएको कुरा सिकाउँछु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी मधुविद्याको उपदेश दिन आँटें। जसले आत्मालाई देख्छ उसको नाम हो इन्द्र भनी पछिबाट बताएँ अनि नाम मात्र इन्द्र भएको र कामचाहिं नभएकोले इन्द्र झसङ्ग भए। त्यसपछि 'आत्मालाई औंल्याएर देखाइदिनोस्, भनी इन्द्रले भने, अनि मैले जवाफ दिएँ, 'शब्द आदि लौकिक विषयको अनुभव त प्रत्यक्ष देखाउन सकिन्न भने बुद्धिभन्दा पर भएको अलौकिक आत्मालाई कसरी देखाउने! तपाईं छोरा जयन्तमाथि खूब माया गर्नुहुन्छ, हैन त? तर कस्तो माया गर्नुहुन्छ? लौ, मलाई प्रत्यक्षरूपमा हातको औंला जस्तै छलंग देखाउनोस् त। जस्तो आँखाबाट मात्र रूपको ज्ञान हुन्छ त्यस्तै शान्त बुद्धिले मात्र आत्मालाई देख्न सक्छ। म इन्द्र हुँ भन्ने अहंकारलाई फालेर अखण्डित बुद्धि तुल्याउनोस्। तुरून्तै आत्मालाई देखिहाल्नुहुन्छ। 'मेरो तेत्तीस करोड फौज छ, मेरो हातमा वज्र छ, म तीन भुवनको मालिक हुँ, मैले जे भन्यो त्यो कुरा पुगिहाल्छ, एकसेएक अप्सराहरू मेरो सेवा गर्न लालायित छन्' इत्यादि कुराहरूलाई तिलाञ्जलि दिनुहोस्। तपाईंले दिव्य भोगमा जति आनन्द पाउनुहुन्छ त्यही आनन्द कुकुरले उसको भोग्य वस्तुबाट पाइहाल्छ। तपाईं र कुकुरमा केही फरक छैन। कुकुरमा जुन राग र द्वेष छ, तपाईंमा पनि त्यही छ। एउटा हाड ल्याएर दिनेमाथि ऊ राग गर्छ अनि लट्ठी उदाउनेलाई चाहिं द्वेष गर्छ। त्यही हालत तपाईंको हो। पूजा गर्ने भक्तमाथि राग गर्नुहुन्छ अनि दानवहरूलाई मनपराउनुहुन्न। जस्तो तपाईं कुकुरको जुनीलाई घृणा गर्नुहुन्छ त्यस्तै तपाईंको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदलाई पनि आत्मज्ञानीहरू काकविष्ठा जस्तै ठान्छन्। यही जन्ममा आत्मज्ञानी हुनुभएन भने फेरि पुण्य सिद्धिएपछि कुकुर भएर जन्मन केही बेर लाग्दैन। संसारचक्र गजबको छ। उसले जीवलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ! त्यसको केही ठेगान छैन। त्यसैले सारा कुराको त्याग गर्नु होस्। त्याग विना ज्ञान हुँदैन भन्ने वेदको घोषणा छ।'

मेरो कुरा सुनेर इन्द्र रन्किइहाले। तीतो भए पनि ओखती खानुपर्छ भन्ने विचार उनले गरेनन्, अनि कड्केर भने, 'तिमी त दैत्यहरूको गुप्तचर रहेछौ। उनीहरूको नूनको लागि राज्य त्याग्ने उपदेश दिएका हौला। बल्ल तिमीलाई मैले चिनें। जांच-बुझ नै नगरी यस्तालाई गुरु थाप्ने म पनि बेकूफ नै हुँ। कहाँ सुधर्माको सभापति म! कहाँ बकरेको पसल कुर्ने कुकुर। यसरी अपमान गर्ने तिमीलाई ऐले नै मारिदिने थिएँ। तर बदनाम हुने हुँदा अहिले तिमीलाई मार्दिनँ। तर जुन दिन अरूलाई यो विद्या सिकाउलाऊ, त्यसै दिन तिम्रो शिर काटिदिनेछु।'

इन्द्रको राक्षसता देखेर मैले विचार गरें, 'सार्कीलाई गाईदान दिनु र कामी तथा क्रोधीलाई ज्ञान दिनु उस्तै रहेछ। अज्ञानीलाई ज्ञानी बनाउँछु भन्नु पनि अविद्याकै लेश हो। म गुरु यो शिष्य भन्नु के भेदवासना होइन? म र मेरो हुन्जेल शरीररूपी पिंजडाबाट कसरी छुट्ने? वास्तवमा यही शरीररूपी यन्त्रको ने यसले अपकार गरेको हो। गधाले जस्तै शास्त्रको भारी मैले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बोकेको होइन । यसलाई सराप दिएर मलाई के फाइदा ! सर्वात्मभावमा रहेका व्यक्तिले अपकारी माथि वचनैको प्रहार गरे पनि त आत्महत्या गरेको ठहरिन्छ । यो इन्द्रको अन्तःकरणलाई प्रकाश दिने पनि उही एउटै अन्तर्यामी होइन र ! तब यो इन्द्रको द्वेष मैले किन गर्ने ? यदि रिसाउने हो भने सर्प र विद्वान्मा के फरक भयो ! यसको अन्तःकरणमा जस्तो फुर्ति थियो मेरो प्रारब्धबाट उस्तै फुऱ्यो । त्यसबाट म किन बिकारी हुने ? फेरि व्यावहारिक सत्तामा बैगुनीलाई गुनले मार्नुपर्छ भन्छन् । त्यसैले यसलाई अँगालो हाल्छु इत्यादि विचार गरी हात जोडेर भने, 'हुन्छ महाराज मेरो शिर काट्नु होला । तपाईंले जे गरे पनि मेरो स्वीकृति छ । किनभने ऐले तपाईं त मेरो पूज्य पाहुना हुनुहो ।'

मेरो प्रार्थना सुनेर म डराएको ठानी इन्द्र मुसुक्क हाँसे ।

ज्ञानको उपेक्षा गरी खालि प्रवर्ग्य विद्या लिएर इन्द्र गएपछि पद्मासन बाँधेर दध्यङ् ऋषि समाधिमा रहेको वेलामा पुराना चेला दुइ अश्विनीकुमार आइपुगे । घेरै वेरसम्म पनि गुरुको आँखा नखुलेपछि एउटाले अर्कोसँग कानेखुशी गर्दै भने, 'बाहिरबाट हेर्दा त गुरु ज्यादै आनन्दी देखिनुहुन्छ भने भित्र कस्तो आनन्द समुद्रमा मग्न हुनुभएको होला । हामी पनि यस्तो सुषुप्ति स्थितिमा रहन कहिले सकौंला । आत्मज्ञान जस्तो ठूलो कुरा केही रहेनछ । त्यो जाली इन्द्रले यस्तो आनन्दको थोपा पनि पाउँदैन । त्यसले सित्तैं हाम्रो यज्ञभाग झिकिदियो हगि ! त्यही झोंकमा आएर इन्द्रलाई सिध्याउँछौं भनी हामी यहाँ आएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुलंदा गुरुले हामीलाई भन्नुभयो, 'बाहिरीभन्दा भित्री शत्रु खराब हो । त्यसै हुँदा काम र क्रोधलाई पहिले मार । काम बाघु हो । क्रोध छोरो हो । यी दुइ बाबुछोरालाई जित्न सके दिग्विजय गर्न केही गाह्रो छैन । इच्छालाई वशमा राख्नासाथ इन्द्र तिमीहरूको गोडामा ढोग्न आइहाल्छन् । अनि जाबो यज्ञभागको के कुरा ! यी दुइलाई नजिती तिमीहरू अधिकारी हुँदैनौं ।'

बीचैमा कुरा काटेर अर्का अश्विनीकुमारले भने, 'त्यो बेलामा रिसाहा गुरु भएको भए हामी खरानी भइसक्थ्यौं । शान्तिको बाटो देखाउने गुरुलाई पनि 'ऐले साम, दान, भेदको आवश्यकता छैन' भनी कहीं जवाफ दिन हुन्थ्यो । तैपनि दया गरेर हामीलाई गुरुले फेरि भन्नुभयो, 'एउटा सानो रजौटा भए पनि ऊ दश दिक्पालको अंशबाट बनेको हुन्छ त्यस्तैलाई पनि जसले मन र वचनले मात्र मार्छ भने पनि कोटिकल्पसम्म नरकमा पर्छ । यी इन्द्र त तीनै लोकका राजा हुन्, अनि तिनैको शक्ति पाएर तिमीहरू प्रसिद्ध र सफल वैद्य बनेका हौ । फेरि आफूभन्दा बलियोसँग जोरी खोज्नु ठीक होइन । जुन लडाइँमा देवताको, ब्राह्मणको र बान्धवको हत्या हुन्छ त्यस्तो खराब लडाइँ मनले चिताउनु पनि पाप हो । बल, बुद्धि, शक्तिबाट तिमीहरूभन्दा इन्द्र धेरै बलिया छन् । हेर, लडाइँ ज्यादै खराब कुरा हो । फूलले हानाहान गर्दा त कत्रो उत्पात मच्चिन्छ भने ठूला ठूला शस्त्र र अस्त्रको प्रयोग गरेर प्रलयलाई निम्तो दिनु कहीं ठीक होला ! वास्तवमा लडाइँ राक्षसताको प्रमाणपत्र मात्र होइन । किन्तु पशु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वको परिचय-पाटी पनि हो । यदि यज्ञभाग मात्र चाहिएको हो भने राजा शर्यातिकहाँ जाओ । उनलाई पनि ऐले फसाद परि-रहेछ । पैले विचारै नगरी अन्धा जुवाइँ च्यवन ऋषिलाई होता हुनुहोस् भनी, वरण गरिहाले, तर आँखा नदेख्नेबाट होताको काम कसरी होला भन्ने चिन्ताले शर्याति ग्रस्त छन् । यसै हुँदा ती च्यवन ऋषिको आँखा निको तुल्याइदेओ, अनि उनले तिमी-हरूलाई यज्ञको भाग दिलाइदिनेछन् ।' यस्तो गुरुको आदेश सुनेर त्यो वेलामा हामीलाई कस्तो आनन्द आयो ! त्यो सम्झना छ ?'

समाधिबाट व्यूँझेका दध्यङ्ले आँखा खोलेपछि साष्टाङ्ग-दण्डवत् गरी दुवै भाइले हात जोरेर भने, 'गुरुदेव, काम र क्रोधलाई हामीले च्यवन ऋषिको बल्दो तपोमय अग्निमा डढाएर आइसक्यौं । विहान उठेदेखि बेलुकी सुतुन्जेलसम्म सत्य वस्तु कुन हो भन्ने अनुसन्धान हामी गरिरहन्छौं । यज्ञभागमा मात्र होइन ब्रह्मलोकसम्ममा पनि अब हाम्रो राग छैन । शम आदि ६ ओटै सम्पत्ति हामीले कमाइसक्यौं । मोक्षको सिवाय अरू कुनै विषयको इच्छा पनि हाम्रो मनमा फुर्दैन । यसैले गुरुको शरणमा आएका छौं । ज्ञानको उपदेश पाओं ।

परमात्माले मेरो जाँच गर्नु भएको हो कि क्या हो ! फेरि उही आपत् आइलाग्यो । अधिकारी भएपछि ब्रह्मविद्या बताउँछु भनी यिनीहरूलाई प्रतिज्ञा गरिसकेको छु । नबताए झूटो बोले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बापत ठूलो पाप लागिहाल्छ । बताऊँ भने पनि इन्द्रले विद्याको ढोकामा आग्लो हाली वज्रको ताल्चासमेत मारेर गएका छन् । हुनत यस्ता अधिकारी उपसन्न शिष्यलाई विद्या नदिए पनि पाप लाग्ने नै भयो इत्यादि विचार गरी दध्यङ्ले भने, 'तिमीहरूले भनेको कुरा ठीक हो । तर 'यो विद्या अरूलाई सिकाइस्' भने तेरो शिर काटिदिन्छु भन्ने इन्द्रको आदेश छ । अब यसमा तिमीहरू जे भन्छौ त्यही गर्न म तयार छु ।'

भैगो भनौं भने यो ब्रह्मविद्या नपाइने, फेरि बताउनोस् भनेर कर गरौं भने पनि गुरुहत्या हुने ! अर्को गुरु बनाऔं भने पनि यस्ता ब्रह्मनिष्ठ कहाँ पाउनु ! इन्द्रले त हामीलाई ज्यादै फसादमा पारे ए ! अब के गर्ने ? जसरी भए पनि यो विद्या चाँडै नै सिकिहाल्नुपऱ्यो । यो मौका पनि गुम्यो भने त ज्यादै बरबाद हुन्छ । इत्यादि घेरै सलाह आपसमा गरी एक अश्विनीकुमारले हात जोरेर भने, 'अवसर माफ भए एउटा उपाय बिन्ती गर्छु । गुरुको यो शिरको ठाउँमा त्यो पर चरिरहेको घोडाको शिर काटेर जोडिदिन्छौं । अनि गुरुले हामीलाई मधुविद्याको उपदेश दिन थाल्नुहोस् । त्यस बखतमा यदि इन्द्रले वज्रको प्रहार गरेर त्यो शिर काटिदिए भने फेरि गुरुको यही सुरक्षित शिर ल्याएर जोडिदिन्छौं । अनि घोडालाई पनि बचाइदिन्छौं । हाम्रो ओखतीको प्रयोग असफल हुँदैन भन्ने गुरुलाई जाहेरै छ ।

मुसुक्क हाँसेर दध्यङ्ले भने, 'मधु अनेक प्रकारका फूलको सार अथवा कार्य हो । फूल उसको कारण हो । मधु उपकार्य फूल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपकारक हो। एक किसिमले उपकार्यता र उपकारकभाव नै मधु हो। सारा पदार्थ महाभूतका कार्य हुन्। पृथिवी, जल, तेज, वायु, दिशा, आकाश, धर्म, सत्य, मनुष्य सारामा उपकार्योपकारकभाव संबन्ध छ। यसो हुँदा यी सबै मधु हुन्। यो हो व्यावहारिक सत्ताको कुरा। पारमार्थिक सत्तामा यी सबको अधिष्ठान स्वप्रकाश अमृतमय उत्तमपुरुष नै हो। त्यसैलाई आत्मा, ब्रह्म, अमृत, सत्, आनन्द भन्छन्। यसरी संपूर्ण प्रपञ्च अधिष्ठानदृष्टिले ब्रह्मरूप नै हो। आकाशमा दूरताले नीलो रङ्ग भैं त्यही तत्वमा मायाले अनेक नाम, रूपको कल्पना हुन्छ।

अश्विनीकुमार—एउटा ब्रह्म अनेक कसरी भयो ?

दध्यङ्–जुन रूपका आमाबाबु छन् प्रायः उही रूपका छोरा छोरी जन्मन्छन्। चौपायाबाट दोपाया जन्मँदैन। न त दोपायाबाट चौपाया जन्मन्छ। ब्रह्म पनि उपाधिले गर्दा अनेक जस्तो हुन जान्छ। जस्तै आकाश एउटै हो तापनि घट मठ इत्यादि उपाधिले गर्दा अनेक जस्तो देखिन्छ त्यस्तै एक चैतन्य पनि उपाधिभेदले गर्दा अनेक जस्तो भ्रम हुन्छ। जलाशयमा छाल, फिज फोका इत्यादि देखिए पनि पानी सिवाय केही नभए झैं सारा जगत् ब्रह्मको विवर्त हो। परिणाम होइन। दृष्टान्ततिर जाने हो भने रथका नाभि र नेमिमा सारा अर समर्पित भए झैं आत्मामा सारा देवता, सारा लोक, सारा प्राण समर्पित छन्। जस्तो बादछले साराको उपकारका लागि पानी पार्छ त्यस्तै तिमीहरूका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि उग्रदंशकर्म बताइदिन्छु । प्रवर्ग्यकर्मको अङ्गभूत यो गोप्य विद्या तिमीहरू अधिकारी भएको हुँदा सिकाइदिन्छु । हेर सारा वासनाको जाल र उसको बाबु अज्ञानलाई नाश गर्ने हुँदा यसको नाम विद्या रहेको हो । अथवा आनन्दस्वरूप आत्माको विशेष-रूपले अनुभव गराउने हुँदा यो विद्या कहलाएको हो । पहिले परमेश्वरले अव्यक्त नाम र रूपलाई व्यक्त गराउनु भयो । भूरादि लोकको सृष्टि गर्नु भयो । अनि दुइ पाउ भएका र चार पाउ भएका प्राणी सिर्जनुभयो । साराको हृदयगुहामा बस्नुभयो । अर्थात् उही परमात्मा नाम, रूपले र कार्यकारणरूपले अवस्थित हुनुभयो । कुरा बुझ्यौ ?

सांगोपांग मधुविद्या बताइसकेपछि दध्यङ् ऋषिले भन्नु-भयो, 'तिमीहरूले श्रवण गऱ्यौ, अब मनन र निदिध्यासन पनि गर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंशबण्डा

पचासौं जन्मोत्सव सिद्धिएपछि एकदिन याज्ञवल्क्यले मनमनै गुन्न थाले, 'व्यावहारिक दृष्टिकोणले पनि अब घर त्याग्नु नै बेस छ। हुनत मैत्रेयी र कात्यायनी दुबै मेरा पत्नीहरू असल छन्। सौतेनी भाव यी दुवैमा ऐलेसम्म कत्ति पनि छैन। सहोदर दिदीबहिनीमा हुनुपर्ने स्नेह यिनीहरूमा छ। आजसम्म न मैत्रेयीले कात्यायनीको कुरा मलाई लगाएकी छन्, न त कात्यायनीले मैत्रेयीको कुरा। परस्परमा यी दुइले टेंढो आँखाले हेरेको पनि देखिएको छैन। यसैले गर्दा यो आश्रम शान्तिको प्रतीक भइराखेको छ। तर धन भन्ने वस्तु गजबको छ। नङमासु जस्तै मिलेकालाई पनि यसले फुटाइदिन्छ। यदि पछि धनको निम्ति यिनीहरूको वैमनस्य भयो भने कुकुरले नपाएको दुःख मैले पाउनेछु। ज्ञान नभई धनको मोह कहाँ छुट्छ र? फेरि धनको मोह नछुटी ज्ञान हुँदैन। परस्परमा यिनीहरूको यस्तै सम्बन्ध छ। यो संसारतर्फ फर्किरहने हो भने सर्वश्रेष्ठ वस्तु धन नै ठहरिन्छ। यसै हुँदा अब यिनीहरूको अंशवण्डा गरिदिहाल्छु। जनककहाँ-बाट ल्याएका हजार गाईमध्ये सय मैले दान गरेँ। बाँकी नौसयमा चार सय पचासका दरले भाग लगाइयौ भनी शिष्य सामश्रवालाई भनिदिन्छु। अरू सुनचाँदी पनि यिनीहरूलाई बाँडिदिन्छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन भने सौताको भावनाले गर्दा लक्ष्मी र सरस्वतीको पनि झगडा भयो भन्ने पुराणमा लेखेको देखिन्छ।

पारमार्थिक दृष्टिले पनि त्याग्नु नै ठीक छ। त्याग बाहेक मोक्षको अर्को बाटो छैन भन्ने शास्त्रको घोषणा छ। हुनत संकल्पको त्याग नै भित्री संन्यास हो। फेरि ऐले वानप्रस्थको पालो हो तैपनि जुन दिन दृढ वैराग्य आउँछ त्यही दिन संन्यास लिनू भन्ने वचन छ। श्रुति माताको आज्ञा-पालन हाम्रो कर्तव्य हो। 'कुरु कर्म त्यजेति च' भन्ने आज्ञा छ। त्यसको आशय हो। पहिले कर्मद्वारा चित्त शुद्ध पार, अनि कर्म त्याग। बाहिरी संन्यास पनि आत्मज्ञानको अङ्ग हो। यो पाङ्क्त कर्म त अविद्याको विषय हो। आत्म-प्राप्तिको साक्षात् साधन होइन। हुनत मेरो निम्ति बाहिरी संन्यासको त्यति आवश्यकता थिएन तैपनि प्रारब्धको बलले यो संकल्प मेरो मनमा उठे जस्तो लाग्छ। फेरि यसबाट लोकसंग्रह पनि हुन्छ नि।

कमण्डलुमा पानी लिएर आएकी कात्यायनीलाई देखेर याज्ञवल्क्यले आफ्नो मनसाय प्रकट गरे, तर उनी छानाबाट खसे जस्तै भइन्। एकछिन टोहोलाएर उनले मनमनै विचार गरिन्, 'आज अचानक यस्तो कुरा किन आयो? पतिसेवा नै स्त्रीजातिको परम धर्म हो। यदि पतिसेवा गर्न पाइन्न भने हामीले बाँचेको के सार? अथवा मैले केही बिराएँ कि? त्यसैले मलाई त्याग्ने इच्छा उठेको हो कि? अथवा मैत्रेयीले मेरो कुरा केही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाइन् कि ? तर होइन, मैत्रेयी ज्यादै सज्जन छन् । उनले आज-सम्म त्यस्तो गरेकी छैनन् । आफ्ना पतिदेवलाई घर छोडेर जानुहोस् भनी कुन पत्नी भन्ली ? फेरि पतिको इच्छामा बन्चरी चलाउनु पनि त पतिव्रताको कर्तव्य होइन । फेरि पतिज्यूको संकल्प आजसम्म सफल भएकै देखिएको छ । पतिदेव प्रायः संकल्प नै उठाउनु हुन्न, फेरि उठेको संकल्पलाई पूरा नगरी छोड्नु-हुन्न । यसै हुँदा मैले हुन्न भन्दैमा मान्नुहुन्न । तर हुन्छ पनि कसरी भन्ने ? घर छोडेपछि यो बुढेसकालमा पतिज्यूको सेवा कसले गर्ला ! यसैले मैत्रेयीसँग सल्लाह गरेर मात्र निवेदन गरूँ कि भन्नु-पर्‍यो ।

गहभरी आँसू भएकी कात्यायनीले केही पनि नबोलेको देखी याज्ञवल्क्यले भने, 'मनुष्य-जीवन के भए सार्थक हुन्छ भन्ने तिमीले बुझ्न सकेकी छैनौ । जाऊ, मैत्रेयीलाई डाक ।'

कात्यायनी गएपछि याज्ञवल्क्यले मनमनै भने, 'यो दांपत्य सारै बलियो बन्धन हो । यी कात्यायनी त्यसैमा जकडिएकी छन् । म शरीर हुँ र पति मेरा हुन् भन्ने अहंता र ममताले गर्दा यिनी बोल्नै सकिनन् । तर यो बन्धनलाई एक दिन मृत्युले नचुँडाली छोड्दैन । त्यसै हुँदा अगिबाटै आफैले विचारद्वारा चुँडालेमा कति कल्याण हुने थियो । यिनी खाली जाग्रत्को मात्र ख्याल गरिरहन्छिन । स्वप्न र सुषुप्तिले के शिक्षा दिइरहेछन् भन्नेतिर यिनको दृष्टि पुगेको छैन । दिनहुँ मानिस तीन कोठामा जान्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर नभएको कुरा पनि देखिदो रहेछ भन्ने स्वप्न कोठाको याद कोही पनि गर्दैन । खै ! सुषुप्ति कोठामा न जाग्रत्को केही रहन्छ न त स्वप्नको । त्रिपुरासुरले बनाएका तीन शहरको रहस्यतर्फ को दृष्टि दिन्छ र ? तुरीयको कुरा परै छोडिदिउँ । आफ्नो अनुसन्धानसम्म पनि मानिस गर्दैन । वास्तवमा बिजुली चम्के जस्तै यो संसार छ । जतातैबाट मृत्युले आँ मुख बाइरहेछ । सुख हो खास आफ्नो स्वरूप, तर मानिस सुखका लागि बाहिर दगुरिरहन्छ । एकछिन अन्तर्मुख भएर बस्न ऊ सक्दैन । तर अरू साधारणलाई के भन्नु ! जनकका सभामा त्यत्रा त्यत्रा विद्वान्हरूको त्यो हालत देखियो । मैले गाईहरू लैजाऊ भनी सामश्रवालाई भन्नासाथ उनीहरू कसरी चुरिएका । कत्रो डाह ! जनकका होता अश्वलको प्रश्न सम्झेर मलाई गजब लाग्छ । 'यो अन्तरीक्ष निरालंब हुँदा कुन आलंबनद्वारा यजमान स्वर्गमा पुग्छ रे ! फेरि कति ग्रह र कति अतिग्रह छन् ? भन्ने आर्तभागको प्रश्न कस्तो ! परीक्षित कहाँ थिए भन्ने भुज्युको प्रश्न भन् अनोठो । साक्षात् सर्वान्तर प्रत्यक्ष ब्रह्मको व्याख्या गर भन्ने उषस्तको प्रश्न ठीकै हो । कहोलको पनि त्यस्तै प्रश्न हो । अतिप्रश्न गर्ने गार्गी पनि त्यस्तै हुन् । तर सारा कसमा ओतप्रोत छ भन्ने इत्यादि उनको प्रश्नमा जिज्ञासा र शुद्ध भावना देखिन्छ । शाकल्यलाई सम्झेर त मलाई ज्यादै दया लाग्छ । के गर्नु, त्यस्तै नियति थियो त्यस्तै भयो । वास्तवमा उनीहरू जिज्ञासु होइनन् । केवल मलाई ठेबुल्याउनु नै उनीहरूको लक्ष्य थियो तर के सक्थे ? राजा जनक बडा चलाक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्। उनले आत्मज्ञानी चिन्ने उपाय राम्रो सोचेका हुन्। जो ज्ञानिष्ठ हुनुहुन्छ यी सालंकृत हजार गाई लैजानोस् भनी जनकले भन्दा कोही बोल्न सकेका होइनन्। अन्त्यमा केही सीप नलागेर मैले बोलेको हुँ।

कात्यायनीका साथ आएकी मैत्रेयीपट्टि फर्केर याज्ञवल्क्यले भने, 'मैत्रेयी, यो गार्हस्थ्य आश्रमबाट म अन्तिम आश्रममा जान लागिरहेछु। अनुमति देऊ। यसैले आज यी कात्यायनीका साथ तिम्रो अंशबण्डा गरिदिन्छु।

मैत्रेयीले मनमनै भनिन्, 'यो धन लिएर मलाई के फाइदा। धन त अनर्थको कारण हो। काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी छवटै शत्रुहरू यही धनबाट खडा हुन्छन्। यही धनले गर्दा मानिसले गिद्धको रूप लिन्छ, ब्वाँसो, बन्छ, अनि कुकुर भएर अर्काको ढोकामा ढुक्छ। धनले के गराउँदैन! दाज्यू भाइको घोक्राको रगत चुसाएर राक्षससम्म बनाइदिन्छ, दिदी-बहिनीको लुछाछुँडी गराइदिन्छ, मित्रतामाथि बज्रहरू चलाइ-दिन्छ, नातागोता टुटाइदिन्छ। लौ भैगो, यो अंशबण्डाबाट आएको धनले मलाई झन् विक्षेप ल्याइदियो भने के गर्ने? के धनले मोक्ष पाइएला? यदि धनबाट अखण्ड सुख पाइने भए पतिदेवले यो धन त्यागेर जान किन खोज्नुहुन्थ्यो!' अन्त्यमा उनले याज्ञवल्क्यलाई हात जोडेर भनिन्, 'भगवान् यदि धनले परिपूर्ण पृथिवी मैले पाएँ भने के अमर हुन्छु?'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याज्ञवल्क्यले मुसुक्क हाँसेर भने, 'हुन्नौ। जस्तो अरू भोगविलासका साधनले परिपूर्ण धनीहरूको जीवन हुन्छ तिम्रो जीवन पनि त्यस्तै हुन्छ। धनले अमर हुने आशा गर्नु पर्दैन।'

मैत्रेयीले हात जोडेर भनिन्, 'जुन धनले म अमृतत्व पाइँदिनँ, त्यस्तो धन लिएर म के गरूँ! बरु त्यो अमृतत्व कुन साधनले पाइन्छ त्यही मलाई आज्ञा गर्नुहोस्।

प्रसन्न भएर याज्ञवल्क्यले भने, 'मैत्रेयी, तिमी पैलेदेखि नै मनपरेकी हौ। ऐले त झन् मलाई मनपर्ने कुरा गऱ्यौ। आऊ बस। मोक्ष हुने कुरा म बताउँछु। तर सुनेर मात्र हुँदैन. किनभने श्रवणभन्दा मनन सयगुना बढी हुनुपर्छ।

नजीकै आई हात जोरेर मैत्रेयी बसेपछि याज्ञवल्क्यले भने, 'हेर मैत्रेयी, पतिका लागि पति प्यारो भएको होइन, किन्तु आफ्नो लागि पति प्यारो हुन्छ। पत्नीका लागि पत्नी प्यारी हुन्न, किन्तु आफ्नो लागि पत्नी प्यारी हुन्छे। छोराको निम्ति छोरा प्यारो भएको होइन, किन्तु आफ्नो लागि। के धन, के जन सारा आफ्नो लागि प्यारा हुन्छन्। उसैले आफूभन्दा प्यारो अर्को छैन। यसैले आत्मदर्शन गर्नैपर्छ। त्यसको लागि पहिले श्रवण गर्नुपर्छ अर्थात् सकली आफू कस्तो हो भन्ने विषयमा उठानदेखि वैठानसम्म शास्त्र र ब्रह्मिष्ठ गुरुद्वारा सुन्नुपर्छ। त्यसपछि मनन गर्नुपर्छ, अनि निश्चयपूर्वक अखण्ड ध्यान गर्नुपर्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् श्रवण, मनन, निदिध्यासनद्वारा आत्माको यथार्थ दर्शन पाइन्छ ।

मैत्रेयीको पछाडि उभिरहेकी कात्यायनीले मनमनै विचार गरिन्, ओहो यी मैत्रेयी त गजबकी रहिछन् । आजसम्म यिनलाई मैले चिन्न सकेकी रहिनछु । पतिदेवले जे ल्याए पनि तिमी नै राख भनेर मलाई भन्थिन् । यसको आशय के हो भनेर म घोरिन्थेँ तर ऐले पो कुरा पत्ता लाग्यो । म त घरधन्दामा व्यस्त थिएँ । यही पतिव्रताधर्मले पतिदेवका साथ स्वर्गमा बस्न पाऊँ भन्ने मेरो इच्छा थियो । कुरा त अर्कै पो रहेछ ।'

एकछिन आँखा चिम्लेर फेरि आँखा उघारी मैत्रेयीलाई याज्ञवल्क्यले भने, 'ब्राह्मणजातिले त्यो पुरुषलाई परास्त गरिदिन्छ जसले ब्राह्मणजातिलाई आत्मा होइन भन्छ । अर्थात् मलाई अनात्मरूपले यो मानिस हेर्दछ भनी परास्त गरिदिन्छ । परमात्मा नै साराको आत्मा हो । यसैगरी क्षत्रियजाति, यी सारा लोक, यी देवता अर्थात् सारा कुरा परमात्मा नै हो । किनभने यी सारा कुरा आत्माबाट नै पैदा हुन्छन्, आत्मामा नै स्थित छन्' पछि आत्मामा नै लीन हुन्छन् । कुरा बुझ्यौ !'

मैत्रेयीले भनिन्, 'सारा आत्मा हो भन्ने अझ मैले छलँगसंग बुझ्न सकिनँ ।'

याज्ञवल्क्यले भने, 'गाग्रो माटोबाट पैदा हुन्छ, माटोमा नै स्थित छ, अन्त्यमा फुटेपछि फेरि माटोमा नै विलीन हुन्छ । के

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाला, के कहतारो, के घ्यांपो सारा जस्तो माटोदेखि भिन्न होइन। त्यस्तै सारा यो संसार आत्मा नै हो। सर्वत्र चैतन्य मात्रको अनुवृत्ति भएकोले सारा चैतन्य हो। जसको स्वरूपदेखि भिन्न जुन वस्तुलाई ग्रहण गर्न सकिन्न त्यो तदात्मक नै हुन्छ। शंख बजाउँदाखेरि बाहिर फिंजिएका शब्दविशेषलाई कसैले ग्रहण गर्न सक्दैन, किन्तु शंखलाई अथवा शंख बजाउनेलाई समाउनाले विशेष शब्दको पनि ग्रहण हुन्छ। यस्तै दुन्दुभि, सीतार इत्यादि जेसुकै बाजा बजाए पनि त्यस्तै हो।"

मैत्रेयीले प्रश्न गरिन्, 'त्यो शुद्ध चैतन्य वस्तुमा नाम र रूप कसरी खडा भयो ?'

याज्ञवल्क्यले जवाफ दिए काँचो दाउरा आगोमा हाले-पछि जसरी धूवाँ निस्कन्छ त्यसैगरी। जस्तो फोका, फींज छाल, भमरी इत्यादि सब पानीदेखि भिन्न होइनन्। खालि हावा इत्यादि कारणले गर्दा भेद जस्तो देखिन्छ। स्यस्तै अज्ञानले गर्दा नाम, रूप, कर्म चैतन्यमा भान भएको हो। जस्तो समुद्रमा पुगे-पछि सारा खोलानालाहरूको नाम हराउँछ त्यस्तै चित्त चैतन्य-रूप भएपछि सारा नाम, रूप हराउँछन्। सारा संकल्प नछोडी चित्त चैतन्यरूप हुँदैन। यदि नूनको डल्लो पानीमा डुबाइराख्यो भने पग्लेर पानीसँग मिलिहाल्छ त्यस्तै चित्त पनि चैतन्यसमुद्रमा हालिराखेपछि चैतन्यरूप नै भइहाल्छ। यो शरीर, इन्द्रिय इत्यादि आवबाट छुटेपछि कुनै संज्ञा रहँदैन।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकछिन टोलाएर मैत्रेयीले भनिन्, पहिले सारा चैतन्य-स्वरूप भन्ने आज्ञा भयो। फेरि ऐले देहपात भएपछि कुनै संज्ञा रहँदैन भन्ने वचनको आशय के हो ? मैले बुझ्न सकिनँ।

खित्त हाँसेर याज्ञवल्क्यले भने, मैले विरूद्ध कुरा भनेको छैन। मैले त भनेको हो, 'अविद्याले खडा गरेको चित्त इत्यादि नूनको डल्लो जस्तो हो। यदि विद्याले त्यो अविद्याको नाश गरेमा शरीर इन्द्रिय इत्यादि भावको विलय भइहाल्छ। जस्तो पानी फ्याँकिदिएपछि रित्तो भाँडोमा चन्द्र, सूर्य इत्यादिको प्रतिबिंब पर्दैन। तर त्यो प्रतिबिंब नपर्दैमा चन्द्र सूर्यलाई के हुन्छ र ! त्यस्तै अविद्याले खडा गरेको चित्त भए त्यसमा परमात्माको प्रतिबिंब पर्छ र जीवभाव बन्छ, तर अविद्याको नाश भएमा बिंब परमात्मालाई केही हुँदैन। त्यसो भए शरीरपात भएपछि संज्ञा रहँदैन भन्नाको आशय के हो भने सुन। अविद्याबाट खडा भएको व्यावहारिक सत्तामा द्वैत जस्तो भान हुन्छ, अनि अर्कोले अर्कोलाई देख्छ, सुँघ्छ, जान्दछ; तर अविद्याको नाश भएपछि पारमार्थिक सत्तामा एक आफूसिवाय हुँदैन, अनि कसले कसलाई देख्ने ? कसले कसलाई जान्ने ? जुन विज्ञाता आत्मचैतन्यले सारालाई जान्दछ, त्यस्तो विज्ञातालाई कसले जान्ने ? मैत्रेयी, तिम्रो चित्त बुझ्यो ?'

आँखा चिम्लिएर प्रशान्त भएकी मैत्रेयीलाई देखेर कात्यायनीतिर फर्की याज्ञवल्क्यले भने, 'लौ, हेर, मैत्रेयीको चाल !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनी त अन्तर्मुख भए जस्ती छन्। यसैले अब सारा सम्पत्ति तिमीलाई नै बुझाइदिन्छु। मैत्रेयीको सेवा तिमीले राम्ररी गर्नू। यसबाट तिम्रो कल्याण हुनेछ। गाईहरूको हेरचाहका लागि म सामश्रवाहरूलाई भनिदिन्छु। तिमीले धन्दा मान्नुपर्दैन। हेर, ठूलो सुपुण्यले मनुष्य भएर जन्मन पाइन्छ। देवताहरू समेत मनुष्य हुन चाहन्छन्, किनभने मोक्षको ढोका हो यो। मनुष्य भएर पनि यदि ज्ञानी हुन सकेन भने ठूलो नाश हुन्छ। यसैले आत्माको विषयमा यी मैत्रेयीसित चर्चा गर्नू। सकली आफू भन्ने वस्तु के हो भनी विचार गर्नू। यो हाड, छाला, मासु, रगत, नसा इत्यादिबाट बनेको शरीर आफू होइन। यस्तो मलले भरिएको शरीर कसरी आफू हुनु! नाक, कान, आँखा, जिभ्रो, छाला, हात, खुट्टा इत्यादि इन्द्रिय पनि आफू होइन, किनकि यी नाशवान् हुन्, जड हुन्, आफू त सधैं रहिरहने चैतन्य हो। प्राण पनि हावा हो, जड हावा आफू होइन। दृश्य जति सारा जड हो नाशवान् हो, यसैले मन, बुद्धि, चित्त, अहंकार पनि आफू होइनन् किनकि तिनलाई चैतन्यरूप आफूले प्रकाशित गरिराखेको छ। जस्तो आगोको नजीकमा रहेको फलामको डल्लो रातो र तातो हुन्छ र अरूलाई पोल्छ पनि। त्यस्तै यो अहंकार पनि आत्माको नजीकमा रहेको हुनाले चैतन्य जस्तो भान हुन्छ। वास्तवमा अविद्याको कार्य भएको हुनाले जड हो। तीन गुणरूपी तीन टाउको भएको यो अहंकाररूपी सर्पको विलय नगरी आत्माको दर्शन पाइँदैन। हुनत आत्मा स्वप्रकाश वस्तु हो। तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खालि कुरा जानेर आत्मा पाइँदैन, किन्तु अनुभव नै गर्नु पर्छ। सारा अनात्म प्रपञ्चलाई नहटाई आत्माको अनुभव हुँदैन। कुरा बुझ्यौ ?"

आँखा आँसूले भरिएकी कात्यायनीले बुझें भन्ने स्वीकृतिको मन्टो हल्लाएपछि याज्ञवल्क्यले भने, अब म अष्ट श्राद्धहरू गर्छु। जाऊ सरदाम तयार पार।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनौटा द

प्रजापति निकै चिन्तित हुनुहुन्थ्यो, किनभने छोराहरूले जहाँतहीं जथाभावी गरेको हुँदा घेरै टजूर आइरहेको थियो। उहाँले विचार गर्नुभयो, 'अब के गर्ने? 'तपाईंका छोराहरूले दुःख दिए। सम्झाउनुहोस्।' भनी छरछिमेकीहरू दिनहुँ भन्न आउँछन्। यी देवता छोराहरू पनि यस्ता भएको देख्दा झन् अचम्म लागिरहेछ। हुनत यी देवताहरू सोझा छन्, दयालु छन्, छल-कपट गर्न जान्दैनन्, आफूलँग छ भने मागेको कुरा दिन्छन्; तर के गर्नु? यिनीहरूले इन्द्रिय जितेका छैनन्। यिनीहरूको कान संगीतमा आसक्त छ, आँखा अप्सराहरूको रूपमा, जिब्रो अमृतको रसमा, अनि नाक पारिजातका फूलका गन्धमा। यसै गरी यिनीहरूका दशै इन्द्रियहरू आफ्नो आफ्नो विषयमा चुर्लुम्म डुबेका छन्। महमा डुबेका भिंगा, माउरीहरूलाई कसरी उतार्ने?'

'मनुष्य भनाउँदा यी छोराहरूको अर्कै चाल छ। यिनी-हरू ज्यादै लोभी छन्। यस्तो पाए हुन्थ्यो, उस्तो पाए हुन्थ्यो भनेर तृष्णा बढाइरहन्छन्। पाएको कुरा कसरी रक्षा गरूँ र नपाएका झेरै चीज कसरी पाऊँ भन्ने इच्छाका त्यान्द्राहरूमा झुन्डिइरहेका छन्। सारा प्रारब्ध बसोजिम हुन्छ भन्ने यिनीहरू-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई थाहा छैन। अरूले पाएको सुखमा यिनीहरू डाह गर्छन्। मै ठालू हुँ, मै धनी हुँ, मलाई सबले मान्नून्, मेरो नाउँ खूब प्रसिद्ध होस् भन्ने यिनीहरूको चाहना छ।'

'यी असुर छोराहरू झन् जन्ड छन्। दयाको लेश पनि यिनीहरूको मनमा छैन। अलिकति कसैले केही गऱ्यो कि थप्पड लगाइदिन्छन्। मैमत्त भएका यिनीहरूलाई कसैले केही गर्नु पनि पर्दैन। अलि निमुखा जस्तो मान्छे देख्यो कि पछिल्तिरबाट गएर छिड्की लगाइदिन्छन्। खुरुखुरु आफ्नो बाटोमा हिंडिरहेको मनुष्यलाई धक्का लगाएर लडाइदिन्छन्। फेरि 'किन यसो गरिस्?' भनेर कसैले सोध्यो भने जुत्ता फुकालेर ठोक्न थालिहाल्छन्। यी असुरहरू त झन् उच्छृङ्खल भएर आए। अरू कुरा त परै रहोस्। ज्यान लिन पनि यिनीहरू बेर मान्दैनन्। अब यस्तो स्थितिमा म बाबुको कर्तव्य के हो? जेसुकै होस् भनेर कानमा तेल हालेर बस्नु पनि ठीक होइन। तर कसरी यिनीहरूलाई समाल्ने?'

ज्यादै असह्य भएपछि तीनै थरी छोराहरूलाई बोलाएर प्रजापतिले भन्नुभयो, 'बाबु हो? छोरा पाएर सुखी भइन्छ भन्ने वचनमा अब हरिताल लगाइदिए भयो। खै, तिमीहरूबाट मलाई एक जात सुख भएन। तेरा छोराहरूले यसो गरे, उसो गरे भन्नें छिमेकीहरूको कचकचले कान फुट्ला जस्तै भइसक्यो। तिमीहरूको बेमेल देखेर त झन् वाक्क भइसकें। छोराहरू आपसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिलेनन् भने बाबु आमालाई यस्तो पीर हुँदो रहेछ भन्ने अनुभव तिमीहरूलाई पनि छोराछोरी पाएपछि हुने नै छ। ल, अरूलाई लुछ्ने सट्टा मलाई नै लुछ। रगतले नै प्यास हटाउने लालसा हो भने मेरै रगत चुस। मासु नभई भात नरूच्ने हो भने मेरै मासु पकाएर खाओ। कि तिमीहरूलाई अंशबण्डा गरिदिन्छु। जे भएको लेओ। मचाहिँ आफ्नै जन्मस्थल कुरुक्षेत्रमा गएर तपस्या गर्छु। अनि संन्यास लिन्छु। विदा देओ।'

जुर्मुराउँदै उठेर देवताहरूले भने, 'पिताजीलाई हामी छोड्दैनौँ। हाम्रो बाबु भने पनि गुरु भने पनि यहाँ नै हुनुहुन्छ। पिताजीको प्रत्यक्षमा त यी मनुष्य भाइहरूले यो देऊ ऊ देऊ भनेर सँधै सताइरहेका छन् भने पिताजीको परोक्षमा के गर्लान्? यी असुर भाइहरूको त कुरै छैन। यिनीहरूको जाल झेल पिताजीलाई जाहेरै छ। उसैले जस्तो शिक्षा दिनुहुन्छ त्यही बमोजिम हामी चल्छौं। पिताजीको पाउ नै हाम्रो शरण छ। अब पिताजीलाई दुःख दिंदैनौँ।

मनुष्यहरूले उठेर भने, 'हामी पनि पिताजीको पाउ नछोड्ने प्रस्तावकै समर्थन गर्छौं। झन् निर्धा हामीहरूको शरण अर्को कोही छैन। पिताजीको सामुन्नेमा त यी दाज्यू देवताहरूको र यी भाइ असुरहरूको झगडाले गर्दा साँडेका जुधाइमा बाछाहरू झैं थिचोमिचोमा परिरहेका छौँ भने पिताजीको पछाडि हाम्रो के गति होला? हो, वस्तुको अभाव भएपछि त्यसको पूर्तिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि हामीले दाहा डिच्याउनुपरेको छ। हाम्रो हात तल परेको छ। तर के गर्ने ? पेटको पूर्तिका लागि जे पनि गर्नुपर्ने रहेछ। अब यो समस्या हल गर्न पिताजी जस्तो आज्ञा हुन्छ। त्यसलाई शिरोपर गर्छौं।'

असुरहरू उठेर चड्कँदै भने, 'ऐले तपाईं जान पाउनुहुन्न। यदि तपाईं जानुभयो भने त यी दाज्यू भनाउँदा देवता र मनुष्य-हरू मिलेर हामीलाई यहाँबाट निकालिदिइहाल्छन्। यी घेरैसँग हामी थोरैको केही सीप लाग्दैन। असुरको अस्तित्व नै नष्ट हुन बेर लाग्दैन। हो, रिस उठेपछि हामी आँखा देख्दैनौं। जोशमा उर्तसिन्छौं। तर के गर्नु ? जन्मेदेखिको स्वभाव जान गाह्रो पर्ने रहेछ। बरु हामीलाई केही अर्ती दिनुहोस्। जसबाट हामी आफ्नो खराब लत सुधार्नेछौं।

जुरुक्क उठेर दाह्री मुसार्दै प्रजापतिले भन्नुभयो, 'छोरा हो, मेरै अंशबाट तिमीहरू जन्मेका छौ। यसै हुँदा मिलजुल्न गर्नु नै तिमीहरूको कर्तव्य हो। हेर, वेदमा के लेखिएको छ ? हाम्रो मन समान होस्, हाम्रो चेष्टा समान होस् हामी एक हौं इत्यादि वेदका महावाक्यहरूलाई तिमीहरू लिदैनौ भने तिमीहरू मेरा छोरा नै होइनौ। सुख पाउनाको लागि एकता नै मुख्य साधन हो। तर राग र द्वेषले धमिलिएको तिमीहरूको चित्तमा उपदेश बुझ्ने शक्ति नै छैन। यसै हुँदा यौटा कानले सुनेर अर्को कानले उडाइदिन्छौ। यसैले ब्रह्मचर्यमा बस। यम र नियमलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अँगाल ।

वर्ष दिनपछि ब्रह्मचारी देवताहरू आएर प्रजापतिलाई भने, 'अब त हाम्रो चित्त शुद्ध भयो होला । यसैले उपदेश पाउने आशामा छौं ।

प्रजापतिले प्रसन्न भएर भन्नुभयो, 'द' ।

पहिले त देवताहरू जिल्ल परे, अनि एकछिन पछि 'द' को अर्थ बुझे जस्तो गरी मुसुक्क हाँसे ।

देवताहरूतिर फर्केर प्रजापतिले भन्नुभयो, तिमीहरूले के बुझ्यौ ? बुझेको भए लौ भन त ।'

देवताहरूले हात जोरेर भने, 'दम गर अर्थात् इन्द्रियहरू-वशमा राख भन्नुभएको होला । किनभने इन्द्रिय नजित्नाले हाम्रो घेरै बदनाम भयो । इन्द्रिय नजिती सुखशान्ति हुँदो रहेन छ । अझ इन्द्रियको मालिक मन हो । त्यसैले सारा दुःख भएको रहेछ । अब पिताजीको आज्ञामुताबिक त्यो मनलाई पनि जितेर सुखको समुद्रमा पौडी खेल्न कोशिश गर्छौं ।'

प्रजापतिले भन्नुभयो, 'धन्यवाद' ।

बीचमा मनुष्यहरू आएर भने 'हामीलाई पनि मन्त्र सुनाउनुहोस् ।'

उही 'द' अक्षर सुनाएर प्रजापतिले भन्नुभयो, 'तिमीहरूले यो मन्त्रको अर्थ बुझ्यौ ?'

मनुष्यहरूले भने, 'तिमीहरू स्वभावैले लोभी छौ यसैले 'दत्त अर्थात् यथाशक्ति दान गर' भन्नु भएको होला । यो बाहेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो हितको कुरा के होला र ?

पछिबाट असुरहरूले भने, 'हामीलाई पनि अर्ती दिनुहोस्।

उही 'द' को उच्चारण गरेर प्रजापतिले भन्नुभयो, 'के तिमीहरूले मेरो आशय बुझ्यौ ? असुरहरूले भने, 'बुझ्यौं। 'तिमीहरू' रिसाहा छौ। मूला काटे जस्तै गरी अर्काको हिंसा गर्छौ। उसैले त्यस्तो बानी छोडेर प्राणीहरूमाथि दया गर भन्नु भएको होला।

'ठीक हो' भनेर असुरहरूलाई पठाएपछि प्रजापतिले एकलै 'गुनगुनाउनुभयो, यो द, द, द को उपदेश जुनसुकै युगमा पनि उपयोगी छ अझ विशेष गरेर कलिमा। यसै हुँदा हरेक वर्षामा गर्जेर बादल पनि द, द, द भन्छ। हुन पनि काम, क्रोध, लोभ यी तिनौटै नरकका ढोका हुन्। यी तीन थरीले तीन किसिमको उपदेश सम्झनुमा कारण हो आफ्नो आफ्नो भावना। वास्तवमा संसार भावनाले नै खडा भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमा

'अखण्ड सुख शान्ति मेरो मनमा किन भएन ? यो के गजबको कुरा हो ? किन मनमा नचाहिने कुरा फुरिरहन्छ ? यो विक्षेप नआओस् भनेर म कहिले भगवान्को चरित्र सुन्दछु, कहिले वीणा बजाउँदै कीर्तन गर्छु, कहिले भगवान्को स्मरण गर्छु, कहिले नमस्कार गर्छु, कहिले यो परा र अपरा सारा परमात्माकै प्रकृति हो भनी आकाश, पाताल, पहाड समुद्र अर्थात् सारा जगत् हरिको शरीर हो भन्छु; तर यी सत्कर्महरू गरुन्जेल, विवेक र विचारको आश्रय लिउन्जेल मनमा शान्ति आए जस्तो पनि हुन्छ। पछि त फेरि नाना किसिमको आधि र व्याधि आइहाल्छ। अलिकति केही आइपऱ्यो कि शोकले सताइहाल्छ। यस्तो भइदिए हुन्थ्यो भन्ने इच्छा उठिहाल्छ। आफ्नो इच्छामा कसैले बाधा गर्न खोज्यो भने रिसको राँको दन्किहाल्छ। केटा-केटीदेखि नै भक्तितिर लाग्दा पनि राग र द्वेषको नाश हुन सकेको छैन। संसारमा भक्त भन्ने नाउँ चलिसक्यो। तर खै ? भक्तिको फल पाउन सकेको छैन। कति सत्संग गर्दा पनि यो कषाय जाँदैन। केही गरी कषायरूप यो वासनालाई उछिने पनि रसाऽऽ स्वादमा गएर जाकिन्छु। अहा ? क्या आनन्द आयो भनेर मक्ख पर्छु। यो सूक्ष्म त्रिपुटीको बन्धन फुकाउन सकिनँ। यदि यही जन्ममा आत्माको साक्षातकार गर्न सकिनँ भने त ठूलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाश हुन्छ । मेरो कहाँ त्रुटि छ ? मैले पत्ता लाउन सकिनँ ? अब कसको शरण परूँ ? यो शोकसागरबाट कसले पार लगाइदेला' ? इत्यादि मनन गरी नारद मुनि ब्रह्मनिष्ठ सनत्कुमारको शरणमा जानुभयो, अनि आँखाबाट आँसू बहाउँदै हात जोरेर भन्नुभयो, 'शिक्षा पाऊँ ।

मुसुक्क हाँसेर सनत्कुमारले भन्नुभयो तपाईंले के के जान्नुभएको छ ? त्यो भन्नुहोस् । अनि त्यहाँभन्दा माथिको कुरा बताउँला ।

ना.— चारै वेद पढेको छु, अनि इतिहासपुराण व्याकरण, श्राद्धकल्प, गणित उत्पातज्ञान, निधिशास्त्र तर्कशास्त्र नीतिशास्त्र, निरुक्त, ब्रह्मविद्या, भूतविद्या धनुर्वेद, ज्यौतिष, सर्पविद्या, नाच, गान इत्यादि धेरै विद्या पढेको छु । तर भन्न मात्र जान्दछु । आत्मालाई जान्दिनँ । आत्मज्ञानी शोकसमुद्रबाट पार हुन्छ भन्ने सुनेको पनि छु । मलाई त शोकले सताइरहेको छ । यसैले ज्ञानरूपी नाउमा चढाई शोकसागरबाट पार गराईदिनुहोस् ।

स.— तपाईंले जान्नुभएको कुरा नाम मात्र हो । यसै हुँदा प्रतिमालाई विष्णु बुद्धिले उपासना गरे झैं नामलाई ब्रह्म-बुद्धिले उपासना गर्नुहोस् । यदि यो उपासना सफल हुनुभयो भने राजाले आफ्नो देशमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जहाँ पनि घुम्न सके जस्तै जहाँसम्म नामको गति छ तहाँसम्म तपाईंको स्वतन्त्र गति हुनेछ ।

ना - नामभन्दा पनि ठूलो कुरा के छ ?

स — नामभन्दा असंख्यगुना ठूलो वाक् (इन्द्रिय) हो । छोराभन्दा बाबु ठूलो भए झैं नामभन्दा वाक् ठूलो हो । किनभने वाक् नै ऋग्वेदहरूको विज्ञापन गर्छ । सारा शास्त्र वकै आधारमा छन् । यदि वाक नभए धर्म र अधर्म तथा साँचो र झूटो कसले छुट्याउने ? यसैले वाक्लाई नै ब्रह्म भनेर उपासना गर्नोस् ।

ना — वाक्भन्दा पनि ठूलो केही छ ?

स — वाक्भन्दा ठूलो मन हो । जस्तो दुइ अमला अथवा दुइ वयर मूठी भित्र पर्दछन् . त्यस्तै सारा नाम र वाक् मनभित्र पर्छन् । मनले वेद पढुँ भन्ने इच्छा नगरे के वेद पढिएला ? अर्थात् मन नभई कुनै काम हुँदैन । यसै हुँदा मन नै ब्रह्म हो भनेर उपासना गर्नोस् ।

ना.— मनभन्दा पनि ठूलो केही छ ?

स. — मनभन्दा ठूलो संकल्प हो । संकल्पभन्दा ठूलो चित्त हो । चित्तभन्दा ठूलो ध्यान हो । यसैले ध्यानकै उपासना गर्नोस् अर्थात् शास्त्रोक्त कुनै देवताको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आलम्वन लिएर विजातीय वृत्ति हटाई चित्त एकाग्र तुल्याउनुहोस् । यसरी ध्यान नै ब्रह्म भनेर उपासना गर्नोस् ।

ना – ध्यानभन्दा पनि ठूलो केही छ कि ?

स. ध्यानभन्दा ठूलो विज्ञान हो । विज्ञानभन्दा ठूलो बल हो । बलभन्दा ठूलो अन्न हो । अन्नभन्दा ठूलो जल हो । जलभन्दा ठूलो तेज हो । तेजभन्दा ठूलो आकाश हो । किनभने अरू चारै महाभूतको कारण हो आकाश; आकाशमा नै सूर्य, चन्द्र विजुली, र नक्षत्रहरू स्थित छन् । आकाश भएकोले नै एउटाले अर्कोलाई बोलाउँछ, अर्कोले सुन्छ, फेरि कसैले जवाफ दिन्छ । फेरि इष्टजनसँग संयोग हुँदा आकाशमा नै रमाउँछन्, अनि वियोग हुँदा दिक्क हुन्छन् । आकाशमा नै जीव उत्पन्न हुन्छन् । यसैले आकाश नै ब्रह्म हो भनेर उपासना गर्नोस् ।

ना.—आकाशभन्दा पनि ठूलो केही छ ?

स.—आकाशभन्दा ठूलो स्मृति हो । स्मृतिभन्दा पनि ठूलो आशा हो । आशाभन्दा ठूलो प्राण हो । किनभने प्राणरूपी धागोमा सारा उनिएका छन् । प्राण नै बाबु हो, आमा हो, बहिनी हो, अनि आचार्य पनि हो । यो प्राण ईश्वरको छाया जस्तै छ । यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्के म पनि निस्कन्छु अनि यो रहेमा म पनि रहन्छु भनेर ईश्वरले प्राणको सृष्टि गर्नुभएको हो। हिंडनु आदि सारा क्रिया यही प्राणकै आधारमा हुन्छ। प्राण रहुन्जेल मात्र बाबु, आमा, भाइ, बहिनी आचार्य इत्यादि शब्दको प्रयोग हुन्छ। प्राण छउन्जेल बाबु, आमाहरूलाई एक थप्पड दियो मात्र भने पनि साराले निन्दा गर्छन्। तर प्राण गएपछि तिनै बाबुहरूको शरीरलाई चितामा जलाउँदा पनि कसैले केही भन्दैन।

नारदले मनमनै गुन्नुभयो अब म प्राणकै उपासना गर्दछु। अनि यो मनलाई पनि वशमा राख्छु। प्राण र मनको पूरा संबन्ध छ। मन ज्ञानशक्ति हो भने प्राण क्रियाशक्ति हो। मन वशमा भए प्राण पनि आफ्नो वशमा हुन्छ, अनि प्राण वशमा भए मन पनि चुप लागिहाल्छ।'

चित्त बुझेर नारद केही बेरसम्म चूप लागेका ठानी सनत्कुमारले मनमनै भन्नुभयो, 'यी नारद त विकाररूप अर्थात् झूटो ब्रह्म प्राणलाई जानेर संतुष्ट भए। तर यसरी झूटो आग्रहले च्युत भएका, अनि कृतार्थ नभईकन पनि अफूलाई कृतार्थ ठन्ने शिष्यलाई संझाउनु गुरुको कर्तव्य हो। सोझा अनि शरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेकालाई बीचैमा रोकिदिनु ठीक होइन।' इत्यादि कुरा गमेर सनत्कुमारले नारदलाई भन्नुभयो, बुझ्नुभो मुनि, विशेष रूपले सत्य अर्थात् साँचो कुरा नै जान्नुपर्छ।

ना.—भगवान्, म पनि सत्यलाई जान्न खोजिरहेको छु। जसरी सत्यलाई जान्दछु त्यसरी नै आज्ञा होस्।

स.—हेर्नु होस् मुनि! विज्ञान, मति र श्रद्धाहरू जान्न योग्य छन्। श्रद्धा भएपछि मात्र मनुष्यले मनन गर्छ। श्रद्धा नगरीकन कोही पनि मनन गर्दैन। यसै हुँदा श्रद्धा विशेषरूपले जान्नुपर्छ। अनि निष्ठा पनि चाहिन्छ। अनि इन्द्रियको संयम र चित्तको एकाग्रताको पनि आवश्यकता पर्छ अनि सुखको ज्ञान हुन्छ।

ना—भगवान्, मलाई सुखको जिज्ञासा ज्यादै छ।

स.—भूमा नै सुख हो। थोरैमा सुख छैन। किनभने थोरैमा ज्यादा तृष्णा हुन्छ। तृष्णा त दुःखको बीउ हो। भूमा त निरतिशय सुख हो।

ना.—त्यो भूमालाई विशेषरूपले जान्न इच्छा गर्छु।

स.—जहाँ अरू केही देख्दैन, अरू केही सुन्दैन, अरू केही जान्दैन त्यही नै भूमा हो। अर्थात् भूमा द्वैत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारदेखि विलक्षण छ । आफूले आफूलाई देख्दैन भन्ने तपाईंलाई थाहा नै छ । जहाँ अरू केही देख्छ, अरू केही सुन्छ, अरू केही जान्दछ त्यो त अल्प अर्थात् सानो हो । जो भूमा हो त्यो अमृत हो । जो अल्प हो, त्यो त नाशवान् हो, अर्थात् अज्ञानको व्यवहार भूमामा छैन ।

ना—भगवान्, त्यो भूमा कसमा प्रतिष्ठित अर्थात् आश्रित छ ?

स.—आफ्नै महिमामा अथवा आफ्नो महिमामा पनि प्रतिष्ठित छैन । वास्तवमा त्यो भूमा नै तल छ, माथि छ, पछाडि छ, अगाडि छ, दायाँतर्फ छ, बायाँतर्फ छ, त्यो नै सब हो । यदि अहंकाररूपले आदेश दिने हो भने म नै तल छु, म माथि छु, म पछाडि छु म अगाडि छु, म दायाँतिर छु. अनि म नै देब्रेतिर छु अनि म नै सब हुँ । 'म' शब्दद्वारा शरीर आदि संघात भन्ठान्नु होला, तर त्यसो होइन । 'म' भनेर त यहाँ सत् वस्तुलाई लिएको हो । अब शुद्ध आत्म-रूपले भूमाको आदेश गर्दछु । आत्मा नै तल छ । आत्मा माथि, पछिल्तिर र अगिल्तिर पनि छ । दायाँ र बायाँ आत्मा छ । यो सारा आत्मा नै हो । जसले यस्तो देख्दछ, यस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनन गर्छ, विशेषरूपले अनुभव गर्छ, त्यो आत्मामा नै रमाउँछ, आत्मामा नै क्रीडा गर्छ। बाहिरी साधन उसलाई चाहिंदैन। त्यो आत्मानन्दमा नै मक्ख हुन्छ। स्वाराज्यमा अभिषेक गरिएको ऊ शरीरको पतन भए पनि स्वराट् नै हुन्छ। यसै हुँदा सारा लोकमा स्वतन्त्र हुन्छ। तर जसले यो रहस्य राम्ररी जान्दैनन् तिनीहरू परतन्त्र हुन्छन्। अनि तिनीहरूको लोक पनि नाशवान् हुन्छ।

योगमा आरूढ हुन लागेका नारदलाई देखेर फेरि सनत्कुमारले भन्नुभयो, 'श्रवण, मनन र निदिध्यासनद्वारा आत्माको अनुभव गर्ने विद्वान्का दृष्टिमा आत्माबाट नै प्राण, आशा स्मृति आकाश, तेज, जलहरूको आविर्भाव हुन्छ र आत्मामा नै तिरोभाव पनि हुन्छ। आत्माबाट नै अन्न, बल, विज्ञान, ध्यान चित्त, संकल्प, मन, वाक्, नाम, मन्त्र र कर्महरू हुन्छन्। अर्थात् यी सारा कुराहरू आत्माबाट नै हुन्छन्। यस्तो ज्ञानीले मृत्युलाई देख्दैन, न रोग देख्छ न त दुःखलाई देख्छ। अर्थात् उसले त सबैलाई आत्मरूप नै देख्छ। सृष्टि हुनुभन्दा अगि ऊ एकरूप हुन्छ अनि सृष्टिकालमा अनन्त भेदवाला पनि हुन्छ, फेरि प्रलयमा एकरूप हुन्छ। तर यो आत्मविद्या पाउनाको लागि पहिले आहार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुद्ध हुनुपर्छ। पेटको आहारा मात्र होइन किन्तु कान, आँखाहरूको पनि आहारा शुद्ध भयो भने अन्तःकरणको शुद्धि हुन्छ। अन्तःकरण सत्वमय भयो भने आत्मरूपको अखण्डित स्मृति हुन्छ। आत्माको अखण्ड स्मृति भयो भने सारा गाँठाहरू फुक्छन्।

केही क्षण समाधिमा रहेर व्यूँझेका नारदले सनत्कुमारका पाउमा परेर भन्नुभयो, धन्य गुरुदेव, अज्ञान समुद्रबाट पार गराएर मलाई भूमा अर्थात् अनन्त सुखको अनुभव गराइदिनुभयो। ब्रह्मनिष्ठ गुरुको महिमा अपरम्पार रहेछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यकाम

हाम्रो गोत्र के हो आमा ?

किन बाबु ?

गुरुकुलमा गएर ब्रह्मचर्य लिउँ भनेर ।

गोत्र नभनी के गुरुले ब्रह्मचारी बनाउनुहुन्न ?

'तेरो गोत्र के हो ?' भनेर जानासाथ सोध्नुहुन्छ रे ।

'त्यसो भए भरे भनौंला' भनी आमा जवालाले गहभरी आँसू गरिन् ।

भोलिपल्ट आचार्य हारिद्रुमत् गौतमकहाँ गएर छोरा सत्यकामले साष्टांग प्रणामका साथ भने, भगवान् , यहाँको शिष्य हुनाको लागि शरणमा परेको छु ।

आचार्यले भने, 'सौम्य, तिम्रो गोत्र के हो ?'

स.— जाबाल गोत्र हो ।

आ. - जाबाल गोत्र त कहीं सुनिएको छैन । साँचो कुरा भनन ।

स. – 'गोत्र के हो ?' भनी सोद्धा आमाले बल्लतल्ल भन्नु-भयो, 'तिमी जुन गोत्रका हौ । त्यो मलाई थाहा छैन । पाहुना नै देवता हुन् भन्ने हाम्रो विचार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो । यसै हुँदा हामी पाहुनाकै सेवामा लागिरहन्थ्यौं । यसैले गोत्र सोध्ने मौका परेकै थिएन । तिम्रो पिता जबानीमा नै परलोक भइहाल्नुभयो । यसै हुँदा मेरो नाउँ जबाला भएकोले जाबाल गोत्र भनन त ।'

आ —ब्राह्मण-बाहेक अरू कसैले यस्तो साँचो कुरा भन्न सक्तैन । ब्राह्मण स्वभावैले सोझा हुन्छन यसैले तिमीलाई शिष्य तुल्याउँछु । जाऊ, होमका लागि समिधा ल्याऊ ।

समिधा ल्याएर उपनयन गरिसकेपछि आफ्नो गोठबाट दुब्ला दुब्ला चार सय गाई फुकाई आचार्यले भने, 'सौम्य, तिमी यी गाईहरूको पछिलाग ।'

सत्यकाम पहिले त अलमल्ल परे । पछि गुरुको आज्ञा भनी गाईहरू अगि लगाएर बनजङ्गल लाग्दा उनले मनमनै भने, 'यस्ता हाडछाले चार सय गाई लिएर वनमा जा' भन्ने आचार्यको आदेशको अर्थ के हो ? के भन्दो रहेछ भनी मेरो जाँच गरेको हो कि ? गाईको सेवा नगरी चित्त शुद्ध हुँदैन भन्नुभएको हो कि ? अब यी गाईहरू वनमा लगेर कहाँ राख्ने ? गोठ बनाएको छैन । यतिका गाईलाई सानोतिनो गोठ बनाएर पनि पुग्दैन । तर जेसुकै होस् । यी गाईहरूको सेवा तन मन दिएर गर्छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा देवतामय भएका यी गाईहरूले नै मेरो शुभ इच्छा पूर्ण गर्दिनुहुनेछ ।'

हजार गाई नतुल्याई म फर्कन्नँ भन्ने सत्यकामको प्रतिज्ञा सुनेपछि आचार्यले भने, तिम्रो कल्याण होस् ।' क्याबात । तिमी साँच्चिका श्रद्धालु रहेछौ । वास्तवमा श्रद्धा र तपस्या नभई चित्त शुद्ध हुँदैन ।

आफ्नो प्रतिज्ञा पूरा गर्नाको लागि हजार गाई नहुन्जेल घेरै वर्षसम्म घाँसपानी प्रशस्त भएको वनमा सत्यकाम बसिरहे । खूब स्याहार गरेर मोटाघाटा हजार गाई तुल्याए पनि ।

श्रद्धा र तपस्यादेखि सन्तुष्ट भएका वायुदेवताले ऋषभ भावमा प्राप्त भएर भने· 'ए सत्यकाम ?

साँडेले त्यसरी स्पष्टसँग बोलेको देखी सत्यकाम ज्यादै छक्क परे । उनले मनमनै भने, 'यो के गजब हो ? कुनै मायावी दैत्यहरूको बदमाशी त होइन ? अथवा मलाई भ्रान्ति भएको हो कि ? अथवा कुनै देवता यो साँडेमा प्रविष्ट हुनुभएको छ कि ?' अन्त्यमा साँडे तर फर्की हात जोरेर श्रद्धालु सत्यकामले भने, 'भगवान्'

साँडेको मुखबाट भाषाको उच्चारण भयो, हामी एक हजार पुगिसक्यौं । अब आचार्यकुलमा हामीलाई पुऱ्याइदेऊ ।

सत्यकामले भने, 'जो आज्ञा ।

साँडेका मुखबाट फेरि वाणी निस्कियो· तिमीलाई के ब्रह्मको एक पाउ बताउँ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्यादै खुशी भएका सत्यकामले भने, 'भगवान्, आज्ञा होस्।

प्रकाशवान् भन्ने ब्रह्मको एक पाउको उपदेश पाएपछि सत्यकाम ज्यादै प्रसन्न भए।

भोलिपल्ट बिहान आफ्नो नित्यकर्म सिध्याएर सत्यकामले हजारै गाईलाई आचार्यकुलतिर हिंडाए। साँझ परेपछि गाईहरू रोकेर उनले अग्निमा समिधा होमे, अनि अग्निको पश्चिमपट्टि पूर्वतिर फर्केर उनी बसे। त्यत्तिकैमा अग्निले भने, 'ए सौम्य तिमीलाई म ब्रह्मको दोस्रो पाउको उपदेश दिन्छु।'

खुशी भएका सत्यकामले भने, 'भगवान्, उपदेश दिनुहोस्।'

अनन्तवान् भन्ने ब्रह्मको दोस्रो पाउको उपदेश दिएर अग्निले भने, 'जसले ब्रह्मको यो पाउको उपासना गर्छ त्यो यो लोकमा अनन्त गुणले युक्त हुन्छ र परलोकमा पनि अनन्तवान् लोक जित्तछ।

यसै गरी हंसबाट ब्रह्मको तेस्रो पाउको र मद्गु अर्थात प्राणबाट चौथो पाउको उपदेश पाएपछि आचार्यकुलमा पुगेर सत्यकामले आचार्यलाई साष्टाङ्ग प्रणाम गरे।

आशीर्वाद दिई सत्यकामको ज्यादै तेजिलो चेहरा र आँखा देखेपछि प्रसन्न भएका आचार्यले भने, 'बाबु सत्यकाम!

हर्षाश्रुले आँखा भरिएका सत्यकामले हात जोरेर भने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भगवान् ?

मुसुक्क हाँसेर आचार्यले भने, 'सौम्य, तिमी त ज्ञानी भएका जस्ता देखिन्छौ नि। कसले तिमीलाई ज्ञानको प्रकाश दियो ?'

मनुष्यदेखि भिन्न देवताहरूबाट मैले ज्ञान पाएँ। अब यहाँबाट नै उपदेश पाउँ। श्रोत्रिय ब्रह्मनिष्ठ आचार्यबाट पाएको विद्या नै सफल हुन्छ भन्ने मैले सुनेको छु इत्यादि निवेदन गरेर सत्यकाम आचार्यको पाउमा परे।

यस्ता शुद्ध-चित्त शिष्यलाई ज्ञान नदिए कसलाई दिनु ? इत्यादि विचार गरेर सोह्रै कलाले परिपूर्ण ब्रह्मविद्याको उपदेश सत्यकामलाई आचार्यले दिए। त्यही वेलामा नै सत्यकाम पनि चिद्-घना-नन्द-रूप भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा इच्छा पूरा हुने उपाय

प्रजापति-कहाँबाट स्वर्गतिर फर्कन लगदा इन्द्रले मनमनै भने, 'आत्मा अजर र अमर वस्तु हो। उममा पाप छैन, शोक छैन, न त भोक, प्यासहरू छन्। उसैले आत्माको खोज गर्नुपर्छ, उसलाई जान्नुपर्छ' इत्यादि वाक्य प्रजापति वारम्बार भन्नुहुन्थ्यो। त्यो सुनेर सारा देवता र दैत्यहरूमा कौतूहल बढेको हुँदा आत्म-ज्ञानका लागि प्रजापतिको शिष्य बन्न देवतातर्फबाट म र दैत्य तर्फबाट बिरोचन छानियौं। अनि हामी समिधा हातमा लिएर प्रजापति कहाँ गई बत्तीस वर्षसम्म ब्रह्मचर्यमा बस्यौं। 'केको इच्छाले तिमीहरू यहाँ बसिरहेका ?' भनी एक दिन प्रसन्न भएका प्रजापतिले भन्नुभयो। त्यसपछि हामीले भन्यौं 'आत्माको ज्ञानका लागि' अनि 'आँखाभित्र रहेको चाक्षुष पुरुष नै आत्मा हो' भनी प्रजापतिबाट आज्ञा भयो।

बाटोमा टक्क रोकिएर फेरि इन्द्रले गुनगुनाए, 'प्रतिबिम्ब नै आत्मा हो भन्ने संझी हामीले प्रजापतिलाई निवेदन गर्यौं, 'पानीमा र ऐनामा देखिनेबाहिं के हो नि ?' त्यसपछि प्रजापति-बाट आज्ञा भयो, उही नै हो। उसैले पानी भरिएको भाँडोमा आफूलाई हेर। यदि आत्मालाई जान्न सकेनौ भने फेरि सोध।' हामीले कहतारोमा पानी हालेर हेर्यौं। अनि 'के देख्यौ ?' भनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रजापतिले भन्नुभयो 'हामीले भन्यौं, 'कपालदेखि खुट्टाको नङसम्म शरीरको छाया देख्यौं।' अनि प्रजापतिले भन्नुभयो, 'खूब सिंगारिएर अनि राम्रा लुगा लगाएर फेरि हेर।' हामीले त्यसै गर्‍यौं। त्यसपछि देखिएको त्यही नै नमर्ने र डर नभएको आत्मा ब्रह्म हो भनी प्रजापतिले भन्नुभयो।'

आत्मालाई चिन्यौं भनी हामी दुवै दङ्ग भयौं। परस्परको द्वेष भाव पनि हरायो। तर विरोचनचाहिं आत्मालाई चिर्न भनेर गंकँदै फूर्तिसाथ गइहाले। मचाहिं फर्कन लाग्दा नजीकैका शिष्यलाई प्रजापतिले बिस्तारै भन्नुभयो, 'आत्मालाई चिन्दै नचिनी यिनीहरू फर्किए। यी देवता हुन् कि दैत्य हुन्, यिनको पराजय नै हुन्छ।' ज्यादै सावधान भएको हुँदा प्रजापतिका वाक्यको झट्का मेरो कानमा पग्हाल्यो। मैले विचार गरेँ, 'प्रजापतिले हामीलाई भनेको कुरा साँचो हो कि अथवा शिष्यलाई भन्नुभएको कुरा साँचो हो?

रूखको छाहारीमा बसी फेरि इन्द्रले मनन गरे, 'के यही स्थूल शरीर आत्मा हो त? यो शरीर गहनाहरूले सिंगारियो भने अनि राम्रा लुगा लगाइयो भने छाया पनि त्यस्तै देखिन्छ। यदि छाया राम्रो देख्ने इच्छा हो भने यो शरीरलाई सिंगार्ने कुरा पो आयो। तर स्थूल शरीर लूलो भयो भने अथवा अङ्गभङ्ग भयो भने छाया पनि त्यस्तै देखिन्छ। फेरि यो शरीर नष्ट भए छाया देखिदै देखिदैन। त्यसै हुँदा यसबाट ज्ञान हुने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिनँ । त्यसै हुँदा यसबाट लाभ हुँदैन ।

समिधा हातमा लिई फेरि आएका इन्द्रलाई देखेर प्रजापतिले भन्नुभयो, 'चित्त बुझेर विरोचनका साथ गएका थियौ । फेरि किन आयौ ?'

बाटोमा मनन गरेका तर्कहरूको निवेदन गरिसकेपछि फेरि हात जोरेर इन्द्रले भने, 'छाया त नाशवान् हो, अनि कसरी त्यो अमर आत्मा हुनु ? भनी शंका लागेकोले कुरा राम्ररी बुझूँ भनी उपस्थित भएको हुँ ।'

'उसो भए फेरि बत्तीस वर्षसम्म यहाँ बसेर तपस्या गर ।' भनी प्रजापतिले आँखा चिलनुभयो । समय पूरा भएपछि प्रजापतिले इन्द्रलाई भन्नुभयो 'सपनामा जुन पुरुष देखिन्छ, त्यही नै अविनाशी र अभय ब्रह्म हो ।

उपदेश सुनेर इन्द्रको चित्त बुझ्यो, तर फर्कंदा बाटोमा उनले तर्क गरे, 'हुनत विपनाको शरीर अन्धो भए पनि सपनाको शरीर अन्धो हुँदैन । तैपनि सपनामा कसैले पिटेको, अनि भागिरहेको इत्यादि पनि भान हुन्छ, फेरि कुनै दुर्घटना हुँदा दुःख लाग्छ अनि रुन्छ । त्यसो भए स्वप्नपुरुष कसरी भयरहित भयो त ? त्यो अविनाशी पनि हैन ।'

फेरि फर्केका इन्द्रलाई प्रजापतिले भन्नुभयो, 'बत्तीस वर्ष ब्रह्मचर्यमा बस ।' आफ्नो आज्ञाको पूरा पालन गरेपछि जिज्ञासु इन्द्रलाई प्रजापतिले भन्नुभयो, 'सुतेको बखतमा जुन पुरुष सबै-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिरबाट शान्त हुन्छ, सपनाको पनि अनुभव गर्दैन। त्यही नै अमृत र अभय ब्रह्म हो।

पहिले जस्तै चित्त बुझाएर फर्केका इन्द्रले विचार गरे, 'सुषुप्ति अवस्थामा आफू यो हो भन्ने नै थाहा हुँदैन। फेरि सुषुप्त पुरुषले अरूलाई पनि जान्दैन। उसैले त्यो पनि अजर र अमर आत्मा होइन।'

तेस्रो पटक फर्केका, अनि कषाय नष्ट हुने आँटेका इन्द्रलाई फेरि पाँच वर्ष ब्रह्मचर्यमा राखेर सारा उपाधिले रहित आत्माको यथार्थ स्वरूपको शिक्षा दिंदै प्रजापतिले भन्नुभयो, हे इन्द्र, सावधान भएर सुन। शरीर मृत्युले ग्रस्त छ। यो शरीर नै शरीर-रहित अमृत आत्माको अधिष्ठान हो। यसैले शरीरको अभिमान छोड। शरीर भनेर इन्द्रिय र मनलाई पनि लिएको हो। शरीर-लाई नै आफू ठानेपछि राग र द्वेषको नाश हुन सक्तैन। तर तीने शरीरले रहित अर्थात् दृश्य नभएको द्रष्टा शुद्ध चैतन्यलाई आफू ठानेपछि प्यारो र अप्यारोले छुन सक्दैन। प्यारो भनेर स्वरूपभूत आनन्दको त यहाँ निषेध गरेको होइन, किनभने ऊ त निरतिशय आनन्द हो, स्वप्रकाश सद् वस्तु हो।

दुइ हात जोरेर इन्द्रले बिन्ति गरे पहिले छायापुरुष नै आत्मा हो भनेर आज्ञा हुनाको कारण के हो? मैले बुझ्न सकिनँ। बाहिरी विषयमा आसक्त भएको यो इन्द्रले आन्तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मालाई बुझ्न सक्दैन भनेर त्यसो आज्ञा भएको हो कि ? द्वितीयाको चन्द्रमालाई देखाउन जस्तो पहिले चन्द्रमादेखि भिन्न, तर चन्द्रमाको नजीकैको वस्तुलाई पनि चन्द्रमा भनेर बताइ-दिन्छन्। त्यसै गरी आत्माको नजीकैको छायापुरुषलाई पनि आत्मा हो भन्ने आज्ञा भएको हो कि ?

मुमुक्क हाँसेर प्रजापतिले भन्नुभयो, 'मैले छायापुरुषलाई नै आत्मा भनेको होइन। मैले त साक्षी द्रष्टालाई औंल्याउन खोजेको हुँ। यसै हुँदा पछि 'पानी भरिएको कहतारोमा के देख्यौ ?' भनी सोधेको थिएँ। तर चित्तशुद्ध नभएकोले तिमीले बुझ्न सकेनौ। विपनामा कालो नानीले उपलक्षित आकाश देहच्छिद्रमा अनुगत छ। त्यसै गरी चाक्षुष पुरुष आंखामा रहन्छ। जाग्रत् अवस्था, त्यसको अभिमानी विश्व र जाग्रत्को प्रपञ्च यी तिनौटैको प्रकाशक हो आत्मा। त्यसै गरी स्वप्न अवस्था, त्यसको अभिमानी तैजस, अनि स्वप्नको संसारलाई त्यस्तै सुषुप्ति अवस्था त्यसको अभिमानी प्राज्ञ र अज्ञानलाई द्रष्टा आत्माले नै प्रकाशित गरिराखेको छ। अज्ञानीहरू यी नौ कुरातिर मात्र दृष्टि दिन्छन्। दशौं आत्मा उत्तम पुरुषलाई यिनी-हरू देख्दैनन। अर्थात् चेत्यरहित चैतन्यतिर यिनीहरूको गम पुग्दैन। जसले यो अजर, अमर, धर्माधर्मरहित, परिपूर्ण आत्माको साक्षात्कार गर्छ उसका सारा इच्छा पूर्ण हुन्छन्।

आत्माको साक्षात्कार गरी स्वर्गमा आइपुगेका इन्द्रले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताहरूलाई आत्माको उपदेश दिए। त्यही वेला आइपुगेका नारद मुनिले भन्नुभयो, 'विरोचनले त 'शरीर नै आत्मा हो' भनी दैत्यहरूलाई उपदेश दिंदा रहेछन्। त्यो सुनेर देवताहरूले आश्चर्य माने।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँच प्रश्नको उत्तर

'सारा विद्या मैले बुझिसकेँ । शास्त्रार्थ गर्दा घेरै स्नातक-हरूलाई जितिसकेँ । अब मलाई कसले ठेब्ल्याउन सकला ? यसैले पञ्चालपरिषद्मा जान्छु । त्यहाँ जीवलका छोरा राजा प्रवाहण मुख्य छन् भन्ने सुनिन्छ । यदि तिनलाई पनि जित्न सकेँ भने त पृथिवीमा ठूलो विद्वान् कहलाउँछु ।' इत्यादि चिन्तन गरी श्वेतकेतुले आश्रमबाट प्रस्थान गरे ।

खूब फुर्तीसाथ आउन लागेका श्वेतकेतुलाई टाढैबाट देखेर राजा प्रवाहणले मनमनै भने, 'ज्यादै घमण्डी हुँदा र केही विद्या पनि पढेका हुनाले यी ब्राह्मणको भइँमा खुट्टै छैन भन्ने गुप्तचरहरूबाट मैले सुनेको छु । ओहो ? दरबारमा आउँदा पनि कत्रो फुर्तीसाथको हिँडाइ । ओहो कति हात हल्लाएको ? कत्रो टिमटिम ? धोती उपर्नाको लवाई पनि निकै ढाँचादार छ ? यसो हेर्दा यी त सात्विक अहंकारका मूर्ति जस्ता पो देखिन्छन् ए ? यिनको जाँच गर्नु पऱ्यो । होच्याएर तिमी भन्दा यिनको आकार र चेष्टा इत्यादिमा परिवर्तन आउँछ कि आउँदैन ? हेरौं ।

सुनौला राजसिंहासनमा बसी सेवकलाई गोडा मिचाइ-रहेका राजालाई देखेर श्वेतकेतुले मनमनै गुने, ओहो यी राजाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के ढङ्ग हो। विद्वान् अतिथिलाई पाद्य, अर्घ्य गर्नु त कहाँ हो कहाँ ! आसनमा बस पनि भन्दैनन्। ए ! खूब असल राजा छन् भनी अरूहरू भन्थे। खै त !

राजाले मुसुक्क हाँसेर भने, 'क्या हो कुमार ? फुर्तीसाथ श्वेतकेतुले भने, 'यस्तै हो'

रा —तिमीलाई पिता आरुणि ऋषिले सारा विद्याको शिक्षा दिनुभएको छ, हैन त।

श्वे – हो, दिनुभएको छ। कुनै विषयमा शंका छ भने सोध्नुहोस्।

रा.— मरेका प्रजाहरू कुन कुन मार्गबाट जान्छन् ? के तिमीलाई थाहा छ ?

श्वे – छैन।

रा – ती मरेका व्यक्ति कसरी यो लोकमा आउँछन् ?

श्वे.— थाहा छैन।

रा.– धेरै जना मरेर गए पनि नभरिने लोक कुन हो ?

श्वे —त्यो लोकको विषयमा पिताजीले मलाई केही पनि भन्नुभएको छैन।

रा —कति आहुति दिएपछि पानी पनि पुरुषले जस्तै बोल्छन् ?

श्वे.– यसको जवाफ दिन सक्तिनँ।

रा. के तिमी देवयानसाधन र पितृयानसाधन जान्दछौ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के गर्नाले देवयान मार्गमा प्राप्त हुन्छन्, अनि के गर्नाले पितृयान मार्गमा ?

श्वे. एउटा प्रश्नको पनि जवाफ दिन म सक्तिनँ।

'यिनको जाँच पूरा भयो। यिनी ज्ञानी होइनन्, तैपनि साँचो बोलेको हुँदा ब्राह्मण जातिको आदर गर्नैपर्छ। यसैले अब तपाईं शब्दको प्रयोग गरी यिनको पूजा गर्छु' इत्यादि मनन गरी राजाले भने, 'तपाईं यहाँ बस्नुहोस्। तपाईंलाई मधुपर्क चढाउँछु।

राजाको प्रार्थनालाई अनादर गरी फरक्क फर्केर लँकदै श्वेतकेतु आश्रमतिर लागे। खिन्न भएर उनले आश्रममा बसिरहेका बाबु आरुणिलाई भने, 'समावर्तन संस्कार गर्दा सबै विद्या जानिसकिस् भन्नुभेको हैन ? जिल्ल परेका आरुणिले भने, 'बुद्धिमान् छोरा, तिमीलाई कसरी दुःख भयो ? कल्ले के भन्यो ?

झर्किएर श्वेतकेतुले भने, राजा प्रवाहणले मलाई पाँच प्रश्न सोधे। तिनमा यौटाको उत्तर पनि मैले दिन सकिनँ।'

छोराबाट पाँच प्रश्नको स्वरूप सुनेपछि आरुणिले मनमनै भने, 'यी प्रश्नको उत्तर त म पनि दिन सक्तिनँ। अब के गर्ने ? जान्दछु भनेर जथाभावी जवाफ दिनु पनि ठीक होइन। फेरि जान्दिनँ भनूँ भने पनि यो छोरा रन्किइहाल्छ। अरू शिष्यले पनि 'यस्ता अज्ञानी गुरुकहाँ के पढ्नु, भनी अन्त नै जानेछन्। तर जे होस्, सत्यभन्दा ठूलो केही छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लौ, 'ती प्रश्नको उत्तर ऐले नै भनिदिनोस्' भनी श्वेतकेतुले रातो मुख लगाएको देखी छोरालाई शान्त गराउँदै आरुणिले भने, मैले जे जानेको थिएँ त्यो सबै तिमीलाई मैले बताएँ। तिमीभन्दा प्यारो अर्को मेरो को छ र ? बरू हिंड। त्यो विद्याको लागि राजा प्रवाहणकहाँ गएर हामी दुवै ब्रह्मचर्यमा बसौँ।

फन्कँदै श्वेतकेतुले भने तपाईं नै जानोस्। म त ती राजाको मुख हेर्न पनि सक्तिनँ।'

'यस्ता अल्लारेको कुरा सुनेर आफू पनि विद्याबाट ठगिनु ठीक होइन। म एकलै भए पनि जान्छु' भन्ने अठोट गरी आरुणि राजाकहाँ गए। आएका आरुणिलाई देखेर राजाले पुरोहितलाई भने, 'लौ, ऋषिलाई अर्घ्य दिनुहोस्।

राजाको ज्यादै तेजिलो चेहडा देखेर आरुणिले मनमनै विचार गरे, 'यी साँच्चिकै ज्ञानी जस्ता देखिन्छन्। आँखामा पनि कस्तो चमक! बाहिरबाट पनि यिनमा ज्यादै सुखशान्ति देखिन्छ। मुख कति प्रसन्न!

विधिपूर्वक मधुपर्क सिद्धिएपछि राजाले आरुणिलाई भने, 'गौतमकुलका शिरोमणि भएका तपाईंलाई गाई चाहिन्छ कि घोडा ? जे चाहिए पनि टक्र्याउँछु।'

आ.—मेरो छोरा श्वेतकेतुलाई सोध्नुभएका पाँच प्रश्नको उत्तर बताइदिनुहोस्। त्यही नै वर हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रा.—त्यो त दैव वर हो। उसैले मनुष्यसंबन्धी कुनै वर माग्नुहोस्।

आ.—यहाँलाई थाहा नै छ। सुन, गाई, घोडा, दासी, अनि परिवार र वस्त्रहरू पनि मसँग प्रशस्त छन्। यसैले घेरै कालदेखि प्रशस्त दानी कहलाएका तपाईं मैले मागेको कुरामा कंजूस नहुनुहोस्।

रा.—त्यसो भए शास्त्रीय विधिले विद्या लिने इच्छा गर्नोस्।

आ.—हुन्छ। ब्राह्मणलाई क्षत्रियको सेवा गर्न निषेध गरिएको हुँदा वाणीद्वारा तपाईंको उपसन्न शिष्य हुन्छु।

हात जोर्दै राजा प्रवाहणले भने 'जस्तो तपाईंका पितामहहरूले मेरा पुरुखाहरूको अपराध मान्नु भएन। त्यस्तै तपाईंले पनि मेरो अपराध नमान्नु होला। यो भन्दा अगि कुनै ब्राह्मणकहाँ यो विद्या थिएन। यो त क्षत्रिय-परम्पराको पेवा हो। तर अब तपाईंलाई बताउँछु। तपाईं जस्ता उत्तम जिज्ञासुले ई प्रत्याख्यान गर्न को सक्ला? सुन्नुहोस्। अन्त्येष्टिसंस्काररूप अन्तिम आहुतिबाट नै श्रद्धालु र सत्यका उपासक व्यक्तिहरू अर्चिरादि मार्गद्वारा जान्छन्। यो पहिलो उत्तर हो।

आ.—अरूको पनि जवाफ दिनुहोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रा.—सुन्नुहोस् । यज्ञ, दान, तपस्या आदिबाट भएको पुण्य जब सिद्धिन्छ तब घामले हिउँ पग्लिए जस्तै उनीहरूको सोमलोकीय जलशरीर विलीन हुन्छ, र त्यो आकाश शरीर वायुले यताउति लगिन्छ । तब वृष्टिरूप भएर पृथिवीमा खस्छन् , अनि जौ, धान इत्यादि अन्नरूप हुन्छन् । अनि त्यसलाई प्राणीहरूले खान्छन् । फेरि मनुष्य भएर पनि कर्ममा मात्र लागिरहन्छन् भने उनीहरूको जाइ आउनु अर्थात् जन्मनु र मर्नु कहिल्यै छुट्दैन यदि यो कर्ममार्ग पनि छोडे भने त झन् कीरा फट्याङ्ग्रा भएर जन्मन्छन् । यो लोक के कहिं भरिन्छ र ! दोस्रो र तेस्रोको उत्तर यही हो पञ्चाग्नि विद्या नै चौथो उत्तर हो ।

आ.—पाँचौंको उत्तर के हो नि ?

रा – आफूलाई अग्निरूप जान्ने निष्काम कर्मयोगी गृहस्थ र श्रद्धालु वानप्रस्थ तथा संन्यासीहरूले हिरण्यगर्भरूप ब्रह्मको उपासना गरे भने अर्चिरादि मार्गद्वारा ब्रह्मलोकमा प्राप्त हुन्छन्, अनि घेरै समयसम्म त्यहाँ बसेर ब्रह्माजीका साथसाथै मुक्त हुन्छन् । यही नै देवयान साधन हो । यज्ञ, दान, तपस्या आदि गर्ने सकाम कर्मिष्ठहरू धूमयान मार्गबाट चन्द्रलोकमा आउँछन् । यही पितृयान साधन हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकका अरू प्रकाशित पुस्तकहरू

१. पच्चीस प्रबन्ध
२. कादम्बरी (नाटक)
३. पौराणिक कहानी
४. ऐतिहासिक कहानी
५. सिंधुलीको झलक
६. संस्कृत साहित्यको सिंहावलोकन
७. नेपालका तारा
८. पौराणिक कथा

अनूदित

१. हरिस्तुति 'हरिमीडे' स्तोत्रको अनुवाद
२. विद्यागीता (त्रिपुरारहस्य ज्ञानखण्डको अनुवाद)

मुद्रक :- नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal